# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

अनालापूर्णिमा



अतिरिकाङ्क

धर्मकीर्ति विहारमा प्रत्येक शनिबार निःशुल्क स्वास्थ्य सेवाको शिलशिलामा डा. थीरमान शाक्य बिरामीको स्वास्थ्य जाँच गर्नु हुँदै ।

आश्विन पूर्णिमा

वर्ष– १९ अङ्क– ६ वार्षिक रु. ६०/– मूल्य रु. ५/–

# सम्पादकीय

## नकारात्मक परिणामलाई चिनौं

हाम्रो मनमा जब क्रोध, लोभ, अहङ्कार र इर्ष्या आदि खराब भावनाहरूले ठाउँ लिन्छ, तब हामी ती अकुशल भावनाहरूको वसमा परी बेहोशी बन्न पुग्छौं। अनि हाम्रा शरीर र वचनबाट विभिन्न कुकर्महरू (हत्या, चोरी, व्यभिचार, झूठो बोल्ने, कठोर बोली बोल्ने, चुकली गर्ने, निरर्थक बकवास गर्ने आदि दुष्कर्महरू) हुन पुग्दछ। जसको नकारात्मक परिणामले पछि हामीलाई नै पश्चातापको भूमरीमा फसाइदिन्छ। जुनसुकै काम सम्पन्न हुनको लागि पनि मन अगाडि पुगेको हुन्छ। त्यसकारण जब हाम्रो मन विकार रहित निर्मल हुन्छ, तब हाम्रो मनमा मैत्री र करूणाले भर्दछ। अनि मात्र हामीले सुख र शान्तिको अनुभव गर्न सक्नेछौं। त्यसैले आफ्नो चित्तलाई खराब भावनाहरूबाट विमुक्त राख्न सक्नुनै हाम्रो सफलताको कडी हो। यसको लागि हामी हाम्रो चित्तका हरेक भावनाहरूप्रति हरेक क्षण होशीयार रहनु आवश्यक छ। त्यसकारण आफ्नो शरीर, वचन र मनबाट हुने कार्यहरू प्रति सदा होशियारी पूर्वक निरीक्षण गर्ने कार्यमा अभ्यासरत रहनु नै हाम्रो प्रमुख धर्म हुन आउँछ। यसको लागि हामीले कुनै काम गर्नुभन्दा पहिला त्यस कार्यले हाम्रो र अरूको पनि भलो गर्छ वा गर्दैन, त्यस विषयमा होश पुऱ्याउनु पर्दछ। यदि त्यस कार्यले आफ्नो र अरूको अहित गर्दैन भने मात्र त्यो कार्यको थालनी गरौं।

हाम्रो राम्रो कार्य र खराब कार्यले हामीलाई मात्र सुखी र दुःखी बनाउने होइन यसले समाज देश र संसारलाई नै प्रभावित पार्ने हुन्छ।

उदाहरणको लागि हालै संयुक्त राज्य अमेरिकाको आन्तरिक उडानमा रहेका विमानहरू अपहरण गरी आतङ्कवादीहरूले राजधानी वासिङ्गटन डी.सी र न्यूयोर्कमा गरिएको भीषण आक्रमणबाट विश्वका सम्पूर्ण मानव समुदायको शान्ति छिनेको छ। यस घटनाले आज विश्वव्यापी सन्त्रास बढाएको छ। मानिसहरूको दुःख र विनाशको रूपमा घटेको यस घटनाले कसैको भलो गरेको छैन।

भौतिक सुख सुविधाको विकासमा मात्र लागेका हामीले जीवनको वास्तविक उद्देश्यलाई चिन्न सकिरहेका छैनौं। फलस्वरूप हामीले अहिलेसम्म गलत तरिकाको जीवन जिइरहेका छौं। हामी आफ्नो यश, कीर्ति, धन र अहंकारको नशाले बेहोश भई भौतिक सुख नै प्रमुख सुख ठान्दै मानसिक सुखलाई चिन्न सकिरहेका छैनौं। फलस्वरूप घृणा, द्वेष र बदला लिने हाम्रो भावनाले हामीलाई अन्धकारमा पुऱ्याई मानसिक शान्ति जस्तो सत्यताबाट टाढा पुऱ्याइरहेको कुरालाई महशूस गर्न सकिरहेका छैनौं। द्वेष भावनाले पश्चातापको परिणाम दिन्छ भने मैत्रीले मानसिक शान्तिको परिणाम दिन्छ। बुद्धले भन्नुभएको छ–

*जयं वेरं पसवति-दुक्खं सेति पराजितो*
*उपसन्तो सुखं सेति-हित्वा जय पराजयं*

*अर्थ– विजयी व्यक्तिको पछाडि वैरी उपस्थित हुन्छ भने पराजित व्यक्ति दुःखी हुन्छ। जय र पराजय भावलाई त्यागगरी तटस्थ रहने व्यक्ति सुखपूर्वक निदाउँदछ।*

त्यसैले यदि हामीलाई मानसिक सुख र शान्तिको चाहना छ भने हामीले आफ्नो मनमा रहेका नकारात्मक परिणाम दिने खालका द्वेष, अहंकार, इर्ष्या र बदलाको भावनालाई त्यागी मैत्री, करूणा, मुदिता र उपेक्षाको भावनालाई स्थान दिऔं। धर्मको यस शक्तिले हाम्रो मनमा मनोबल शक्ति बढाउन मद्दत गर्नेछ। जसले यस धर्मलाई रक्षा गर्दछ, उसलाई धर्मले अवश्य रक्षा गर्नेछ।

### विषय–सूचि


| | | |
|---|---|---|
| १) बुद्ध वचन | – | १ |
| ५) धम्मपद-१८९ | – रीता तुलाधर | २ |
| ६) अफ्रिकामा बुद्धधर्मको सूर्योदय | – भिक्षु आनन्द | ३ |
| ७) एकता (मी छधी जुइनु) | – कल्पना वज्राचार्य | ४ |
| १५) धर्मकीर्ति बिहार - गतिविधि | – | ६ |
| १६) धर्म प्रचार - समाचार | – | ८ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**
फोन : २५७५७२

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६ (२५१९३२)

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२१
इस्वीसम्वत् २००१
बिक्रमसम्वत् २०५८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**OCTOBER 2001**


| वर्ष- १९ | अङ्क- ६ | अनाला पुन्ही | आश्विन २०५८ |
|---|---|---|---|





★ नाना प्रकारको सन्देह राखेर मनमा तीव्र राग राखी राम्रै राम्रो मात्र देख्ने मानिसको तृष्णा झनै बढ्दछ। आफ्नै निम्ति उसले बलियो बन्धन बनाउँछ।

★★★

★ लोभमा लालायित व्यक्ति, आफूले बनाएको जालमा माकुरा फँसेझैं आफ्नै तृष्णारूपी स्रोतमा फस्छ। बुद्धिमान व्यक्तिले यसलाई पनि तोडी लालचरहित भइ सबै दुःखबाट मुक्त हुन्छ।

★★★

★ सबै संस्कार अनित्य हो भनी जुन प्रज्ञा युक्त हुन्छ त्यस्ता पुरुषलाई संसारको उपर वैराग्य उठ्दछ, यही विशुद्धिको बाटो हो।

★★★

# धम्मपद–१४२

✍ रीना तुलाधर
'परियत्ति सद्धम्म कोविद'

**यस्स पापं कतं कम्मं-कुसलेन पिथीयति**
**सोमं लोकं पभासेति-अब्भा मुत्तो व चन्दिमा ॥**

अर्थ- जसले आफूले पहिले गरिसकेको पापकर्मलाई पछिको कुशल कर्मले हटाउँछ त्यस व्यक्तिले कालो बादलबाट निस्केको चन्द्रमाले जस्तै लोकलाई प्रकाश दिन्छ ।

घटना- बुद्धको समयमा कोशल देशका महाराजा प्रसेनजीतका मूल पुरोहितका छोरा अंगुलिमाल थियो । यो भन्दा पहिले उनको नाम अहिंसक थियो । जब उमेर पुग्यो अहिंसकलाई गुरुकुलमा विद्या आर्जन गर्न पठाइयो । गुरुकुलमा अहिंसक जेहेन्दार तथा आज्ञाकारी विद्यार्थी थियो । यस कारणले गुरु तथा गुरुकी पत्नी दुबैलाई अहिंसक प्यारो थियो । अहिंसक देखेर अरू विद्यार्थीहरूलाई इर्ष्या हुन्थ्यो । इर्ष्याले पिडित अरू विद्यार्थीहरूले आफ्नो गुरुको कान भर्न थाले । अहिंसकको आफ्नी गुरुआमासँग प्रेम सम्बन्ध छ भन्ने झुठो कुरा लगाउन थाले । शुरू शुरूमा गुरु अहिंसकको बारेमा यस्तो कुरा सुन्न तयार थिएन । अरू विद्यार्थीहरूले भए नभएका कुरा भनी षडयन्त्र रची रहे । हुँदा हुँदै गुरुलाई अहिंसकको चरित्र माथि पुरै शंका भयो र विश्वास पनि भयो । रीसले चूर भएर गुरुले अहिंसकसँग बदला लिने ठानी लिए । आफ्ना शिष्य अहिंसकलाई मारी नै दिनु आफ्नै कुभलो हुनसक्छ भनी ठानी त्यो भन्दा खतरनाक योजना गुरुले बनाए । गुरुले अहिंसकलाई एक हजार मान्छे वा स्वास्नी मान्छे मार्ने आज्ञा दिए । यदि यसो गरेमा उनलाई एउटा अमूल्य विद्या दिनेछु भनीकन लोभ देखाए । अहिंसकलाई विद्याको लोभ लाग्यो र उनी एक हजार मान्छे मार्न तयार भयो ।

अहिंसकले मान्छे मार्न थाले । धेरै मान्छे मार्दै गए पछि उसले याद गर्न सकेन कति मान्छे मारीसकें भनेर अत: त्यहाँबाट उसले एउटा मान्छे मारेपछि त्यसको औंला काटेर ती औंलाहरू धागोमा उनेर माला लगाउने गरे । यस उसले उसको नाम अंगुलिमाल रहन गयो । यसप्रकार अहिंसक एक हत्याराको रूपमा परिणत भयो । देशमा अहिंसकको कारण आतंक फैलियो । देशका महाराजाले अंगुलिमाललाई पक्रेर मार्ने आदेश दियो । अंगुलिमालकी आमा मान्तानीले सरकारबाट आफ्नो छोरालाई मार्ने आदेश दिएको थाहा पाएर पुत्र मोहको कारण उनी अंगुलिमाल बस्ने जंगलतिर गइन् । त्यतिन्जेलसम्म अंगुलिमालको औंलाको मालामा ९९९ औंला पुगीसकेको थियो । एउटा मात्र औंला लिन बाँकी थियो अर्थात् एउटा मान्छे मात्र मार्न बाँकी थियो ।

त्यसदिन भगवान बुद्धले उद्धार गर्ने कसलाई भनेर सोच्नु हुँदा अंगुलिमाललाई देख्नुभयो । त्यसबखत यदि भगवान बुद्धले बचाएन भने अंगुलिमालले आफ्नै आमालाई मार्नेछन् र उनीलाई महापाप लाग्ने छ । भगवान बुद्ध अंगुलिमाललाई यस घोर महापापबाट बचाउन जंगलतिर जानुभयो । अंगुलिमाल पनि यतिका मान्छे मारीसकेर थाकी सकेको थियो । उनी केवल एक मान्छे मारेर आफ्नो कार्य पुरा गर्ने पर्खाइमा थियो । त्यसदिन उसले विचार गरी राखेको थियो कि जो मान्छे प्रथमपल्ट भेट्नेछु त्यसैलाई मार्नेछु । एक्कासी उसले जंगलमा भगवान बुद्धलाई देखे । यसैलाई मार्नु पर्‍यो भनी तलवार उठाएर बुद्ध भएतिर दौडे । कुनै हालतमा उसले भगवान बुद्धलाई भेटाउन सकेन र दौड्दा-दौड्दा थाकेर कराए– "हे भिक्षु ! रोक ! दौड्न रोक !!" भगवान बुद्धले जवाफ दिनुभयो– "म त रोकी नै राखेको छु । तिमी पो दौडीरहेका छौ ।" अंगुलिमालले भगवान बुद्धको यस महत्वपूर्ण कुरा बुझ्न नसकेकोले सोधे– "हे भिक्षु ! किन यस्तो भन्यौ कि तिमी रोकिराखेका छौ । म मात्र दौडीरहेको छु ।"

भगवान बुद्धले भन्नुभयो– "मैले रोकिरहेको छु भनेर भनें किनभने मैले अरू प्राणीलाई मार्ने काम गर्दिन, अरू प्राणीलाई हानी, कष्ट दिने गर्दिन र मैले आफूलाई सम्पूर्ण प्राणीमाथि दया, करूणा राख्ने काममा लगाएको छु जुन काम तिमीले गरिराखेका छैनौ । अत: मैले भनेको तिमी दौडीरहेका छौ ।"

भगवान बुद्धको मुखबाट यस्तो प्रेम र सद्भावपूर्ण वाणी सुनेर अंगुलिमालले विचार गरे– "यी शब्दहरू त कनै विद्वानबाटै निस्कने शब्दहरू हुन् । यी भिक्षु अति बुद्धिमान् छन् र बहादुर पनि । यिनी भगवान बुद्ध आफै हुनुपर्छ । पक्कै पनि मलाई नै सही बाटो देखाउनको लागि उहाँ यहाँ आउनु भएको हुनुपर्छ ।" अंगुलिमालको हृदय परिवर्तन भयो । उसले आफ्नो तलवार फ्याँके र भगवान बुद्धको सामू आफूलाई शिष्य बनाउन आग्रह गरे । भगवान बुद्धले त्यहीं नै उसलाई भिक्षु बनाइदिनुभयो । भगवान बुद्धसँग शिक्षा ग्रहण गरेर अंगुलिमाल भिक्षुले अरहत्व पनि लाभ गरे ।

केही समयपछि अंगुलिमाल भिक्षुको मृत्युभयो । धर्म सभामा अंगुलिमालको कुन लोकमा गएर जन्मभयो होला भन्ने चर्चा चल्यो । भगवान बुद्धले अंगुलिमाल परिनिर्वाण भइसकेको र कुनै जन्म नलिने जानकारी दिनुभयो । भिक्षुहरूले शंका व्यक्त गरे– "त्यतिका मान्छे मारेर पाप गरेको व्यक्ति पनि कसरी परिनिर्वाण हुनसक्छ ।" भगवान बुद्धले भिक्षुहरूको शंका निवारण गर्ने हेतुले भन्नुभयो– "हे भिक्षुहरू ! उनले पहिले कुनै कल्याण मित्रको संगत नपाएकोले त्यतिका पाप गरे । पछिबाट कल्याण मित्रको आश्रय प्राप्त गरेर अप्रमादी भए । अत: उनको पहिलेको पापकार्य जतिलाई उनको पछिको कुशल कार्यले क्षय गरीदियो ।" यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

■



Downloaded from http://www.dhamma.digital

# अफ्रिकामा बुद्धधर्मको सूर्योदय

भिक्षु आनन्द
केन्या, नररोवी

*(भिक्षु आनन्द संघाराममा प्रव्रजित हुनु भएका भिक्षुहरू मध्ये एक हुन् । - सं.)*

पृथ्वीमा ५ महाद्वीप मध्ये अद्भूत तथा आश्चर्यजनक मानिने महाद्वीप हो अफ्रिका महादेश ! विविध संस्कृति, भाषा, रितिरिवाज तथा भेषभूषाले भरिपूर्ण यो महादेशमा विश्वका प्राचीनतम संस्कृति देखि २१ औं सताब्दीका नवीनतम विकासका प्रभाव यहाँ देख्न सकिन्छ। यस्तो अनौठौ महादेशमा प्राचीन देश नेपालमा प्रादूर्भूत बुद्ध धर्मको इन्द्रेणी (पलाइरहेको) पलाउन थालेको कुरा तपाईहरूले सुन्न पाउँदा खुसीको अनुभव हुन्छ होला नै ? हैन र ... ... ! हो र म आफूले नै यसको अनुभव गर्न पाउँदा कतिको हर्ष हुदों हो ... ... ल आउनुस् ... ... एकैछिन् तपाईंहरूलाई अफ्रिकातर्फ ... ... लैजान्छु ।

### केन्यामा प्रथम थेरवाद बौद्ध विहार

सन् १९९९ सेप्टेम्बर १० तारिख, केन्यामा प्रवासी बौद्धहरूका लागि एक ठूलो ऐतिहासिक दिन थियो । यो दिन सर्वप्रथम एक बौद्ध विहार उद्घाटन भएको दिन थियो । यसभन्दा पहिले यहाँका केही विदेशी बौद्धहरू ठाउँ-ठाउँमा भेला भएर ध्यान, साधना गरेपनि एक निश्चित स्थानको (विहारको) सुविधा थिएन । यही आवश्यकता सम्पूर्ण गर्नको लागि यहाँस्थित श्रीलंकाको George Phylnormal Foundation (जोज फिल्नोमल संस्था) जुन केन्यामा एक विल्डिङ्ग बनाउने कम्पनी हो; का मालिक अनुर परेराले आफ्ना माता-पितालाई निर्वाण कामना हेतु तथा अनुस्मरणको लागि आफ्नै धन परित्यागले र श्रमले बनाएको विहार हो ।

यो विहार केन्याको राजधानी नइरोबीस्थित उत्तरतिर लोरेसो रिज (Loresho Righe) भन्ने स्थानमा अवस्थित छ, जुन ठाउँ ब्रिटिस कोलनीका समयमा सरकारी कर्मचारीहरू, कूटनैतिक व्यक्तिहरू बसोबास गरेका (Diplomatic Area) प्रवासीय स्थान हो । करीब १५ कि.मी. जति अन्तर्राष्ट्रिय विमानस्थलबाट टाढा यो ठाउँ अफ्रिकामा भएपनि भौगोलिक वातावरण नेपालको मध्य-पहाडी भाग जस्तै, पहाडी इलाका र नेपालमा जस्तै समय अनुसार गर्मी र जाडो मौसम लाग्ने ठाउँ हो । र नेपालमा देखा पर्ने सल्ला रूख, लालपाते फूल, गुलाब जस्ता थरी-थरीका फूलहरू र स्याउ, सुन्तला, आँप, केरा, मेवा, भुइँकटहर, स्ट्रोबेरी जस्ता नानाथरीका फलफूलहरू प्रसस्त मात्रामा पाइन्छन् । माटो एकदम उब्जनीयुक्त (Fertile) भएकोले र प्रसस्त मात्रामा घाम-पानी लाग्ने भएकोले जता हेरे पनि हरियो बन, रूख, विरूवाहरू पाइन्छन् ।

यो विहार करीब ३/४ रोपनी जग्गामा, १ करोड ६० लाखको (१६ मिलियन) लागतमा, बिना कसैको मद्दत र अनुदानद्वारा बनाएको विहार हो । विहार, नवीन आवासीय सुविधाहरूले परिपूर्ण एक-दुइतल्ले संघावास, एक पुस्तकालय, करीव १००-१५० जना जति भेलाहुन सक्ने विहार मन्दिर (धर्मशाला) र एक दर्शनीय चैत्यले युक्त छ। यसका अलावा भारतको बुद्धगया र श्रीलंकाको अनुराधपुर, श्री महाबोधिका दुई हाँगा (श्री लंकाको बोधिवृक्ष तान्जानिया मार्फत लाएको पनि यहाँ रोपनी भएको छ ।) एक भान्छे र पालेको पनि २४ घण्टा व्यवस्था छ । यहाँ बसोबास गर्ने श्रीलंकाली, थाइ, नेपाली, भारतीय तथा स्थानीय केन्याका यूरोपीयन बौद्धहरू पनि भोजनदान दिने व्यवस्था छ । विहारको तमाम रेखदेख र खर्चको व्यवस्था उपरोक्त कम्पनीले जुटाउने गर्छ ।

### सर्वप्रथम एक बौद्ध भिक्षु- वर्षावास

गत जुलाई ५ तारिख सर्वप्रथम बौद्ध विधिअनुसार वर्षावास बस्ने कार्यक्रम सम्पन्न भयो । जुन कार्यमा, म प्रथम बौद्ध भिक्षुको नाताले वर्षावास बस्न पाउँदा खुसी र गर्वको अनुभव हुन्छ नै र यो विधि नदेखेको र नबुझेकाहरूका लागि पनि एउटा नौलो अनुभव बनेको थियो ।

हाल दैनिक र साप्ताहिक रूपमा ध्यान-भावना, प्रवचन र छलफलहरू निम्नानुसार गर्ने गरेका छन्:

*दैनिक :*

विहान– ६:३० – ७:३० मा
बुद्ध वन्दना, परित्राण, भावना
साँझ– ६:३० – ७:३०
बुद्ध वन्दना, परित्राण, भावना

*साप्ताहिक कार्यक्रम :*

आइतबार–विहान १०:०० – ११:०० बजे ।
(बाल परियत्ति शिक्षा)
साँझ– ४:०० – ५:०० बजे
(ध्यान अभ्यास र छलफल)
बुधबार– साँझ ७:०० – ८:०० बजे

### बुद्ध धर्म सम्बन्धी प्रवचन

धर्म-पिपासित तथा बुद्धधर्म सम्बन्धी जिज्ञासु राख्ने नयाँ पिढिका व्यक्तिहरूका लागि यस विहारस्थान अति नै उपकारी बनेको छ । वर्तमान वेगवत् तथा प्रतिस्पर्धायुक्त जीवनले थकाइलागेका, मानसिक तनाव र समाज-उत्पीडनबाट एकक्षण भएपनि, एक पल भएपनि अध्यात्मिक सुख र चैन अनुभव गर्नको लागि यो स्थान क्षेमभूमि बनेको छ ।

# एकता (झी छधी जुइनु)

✍ कल्पना बज्राचार्य, ख्वप
(परियत्ति प्रवेश तृतीय)

झी सकसिनं स्यू नेपा:या नां जाया च्वंगु बुद्ध नेपाले जन्म जूगुलिं व सगरमाथा हिमालय नं नेपाले दुगुलिं धका । उकिं झी गौरब ताय्थाय् दु ।

आ:थन न्ह्यस: दं वै, झी नेपाली बौद्धतसें बुद्ध सु ख: अले बुद्धं बिया थकुगु शिक्षा छु धैगु सीकातय् मा: कि म्वा ?

वसपोलं न्हापांगु धर्मचक्र प्रवर्तन याना थ:त थ:म्हं म्हसीका बिज्याबले धया बिज्यात– संसारे दु:ख दु, दु:खया कारण दु (तृष्णा) दु:ख मदयका नं छोय् फु। दु:ख नाश याय्गु लँपु नं दु । थुकियात चतुआर्य सत्य व आर्य अष्टाङ्गिक मार्ग धाई । थुगु बारे जिं न्ह्यापा गुबले नं मन्यना । आ:थुगु बारे मिखा दत, ज्ञान'दत । थुगु बारे खूब अध्ययन याना, अभ्यास याना, अनं लिपा थ:के दुने च्वंगु क्लेश-लोभ, द्वेष, मोह, मिथ्यादृष्टि दक्वं चब्बुक लिकया वांछोय् धुंका तिनि बोधिज्ञान प्राप्त जुल । बोध जूम्ह जुल ।

दु:ख फुकेगु च्यागु लँपु ख:– १) सम्यक दृष्टि २) सम्यक संकल्प ३) सम्यक वचन ४) सम्यक कर्मान्त ५) सम्यक आजीविका ६) सम्यक प्रयत्न ७) सम्यक स्मृति ८) सम्यक समाधि ।

थन मू खँ । सम्यक दृष्टि– पायछि जुइक ख:कथं थुइका काय्गु ज्ञान । सम्यक दृष्टि स्यनकी, कल्पना बेकोइ, खँ ल्हाय्गु तालेलाई मखु, ज्या नं बांलाइ मखु, अले जीविका अशुद्ध जुइ, प्रयत्न सफल जुइ मखु, होश ठीक थासे लाईमखु अले मन एकाग्र जुइमखु ।

थुकिं सी दु बुद्ध ईश्वर नं मखु, अवतार काबिज्याम्ह नं मखु । बरू दु:खं मुक्त जुइगु लँपु क्यनीम्ह गुरु जक ख: । अले झीपिं वसपोलं क्यना बिज्यागु लँपुई आचरण बांलाका यंकीपिं बुद्धमार्गी (बौद्ध) ख: ।

बुद्ध नेपाले जन्म जुया बिज्याम्ह ख: तर त्वादेवाया क्वे मतं मख: धयाथें नेपाले बुद्धया शिक्षा प्रचार गाक्क मदु । पूजा याय्गु व दान बीगु छता बाहेक मेगु बेकोगु मन तप्यंकेगु व कयूकुं नुग: चक्कंकेगु पाखे उस्त ध्यान वंगु खने मदु ।

बरू बुद्धया व्यवहारिक ज्ञान, शान्ति संदेशयात विश्वं नाला काल । थौं शान्ति धैगु हे बुद्ध धका आपा विदेशीतसें थुइका काल । थज्योगु शान्ति सन्देशं जाइ च्वंगु बुद्धया शिक्षायात रक्षा याय्गु झीगु कर्तव्य ख: । उकिया लागी झी सकलें छधी छपाँय् जुइ माला च्वंगु दु । झीके बौद्ध पह: व बौद्ध चरित्र दयूका यंके माल ।

गौतम बुद्ध परिनिर्वाण जुया बिज्यागु २५४५ दँ दत । आतक नं वसपोलया शिक्षा वैज्ञानिक युगयात पायछि जुया च्वं ।

थौं तक नं बुद्धया शिक्षा थुकथं ल्यना च्वंगुया कारण ला भिक्षु संघपिं मुना इले बिले संगायना जुया ख: । भिक्षुपिसं संरक्षण यानातगुलिं ख: धायेफु ।

थुकथं संगायना जूगु छाय् धयागु खँ नं थुइका तय् बहजू ताया । भगवान बुद्ध परिनिर्वाण जुइसात यक्व भिक्षुपिं नुग: मछिंका च्वंबले सुभद्र धयाम्ह बुराम्ह भिक्षुं धाल– छु धका नुग: मछिंका च्वनागु ? झीत न्ह्याबलें थ्व याय्मज्यू, व याय्मज्यू धाइम्ह बुद्ध मन्त । आ: झी स्वतन्त्र जुल ।

थ्व खँ न्यना भिक्षु संघं मती तल आवं निसें थथे धाइपिं दया वल । बुद्ध वचन चिरस्थायी जुइगु ज्या याय् माल धका बुद्धया उपदेश मुंका संगायना यागु ख: । थुगु ज्याय् मुख्यम्ह नायो महाकाश्यप महास्थविर ख: ।

अनं लिपा नं भिक्षुपिनि पुचले बुद्धया शिक्षाया बारे वाद विवाद जुल । वैशाली कालाशोकया पाले, द्वितीया संगायना, अशोकया पाले तृतीय संगायना याना वादविवाद समाधान जूसा नं अनं लिपा नं भिक्षुपिनि बिचे वाद-विवाद जुल । राजा अशोकया पाले मोग्गलिपुत्त तिस्स महास्थविरया नेतृत्वे तृतीया संगायना जूगु ख: । अशोकया पाले अन्तर्राष्ट्रिय देशे धर्मप्रचार जुल । अशोक राजां बुद्ध उपदेश अनुसार जनमुखी जुया राज्य चलेयागुलिं देश विदेशं बुद्ध धर्म प्रचार जूगु ख: । बुद्ध परिनिर्वाण जुया निस:दँ लिपा अशोकं धर्म प्रचार यागु ख ।

थुकथं इ.पू. ७९ स श्रीलंकाय् चतुर्थ संगायना जुल । अन हे त्रिपिटक तालपत्रे च्वया संरक्षण यागु ख: । अनं लिपा बर्माय् जुजु मिन्डोन या पाले पंचम संगायना जुल । थुबले सम्पूर्ण त्रिपिटक संगमरमरया लोहँते किया सुरक्षित याना छट्ठ संगायनानं सन १९५६ स प्रधानमन्त्री ऊ नुया पाले जूगुख: ।

अनं लिपा बुद्ध धर्म प्रचार व विकासया लागी श्रीलंकाया अनगारिक धर्मपालया पाखें गाक्क गुहालि जू



Downloaded from http://www.dhamma.digital

वंगु दु । वसपोलं कलकत्ताय् महाबोधि सभा गठन याना धर्मप्रचार याना बिज्यागु खः । अनं लिपा महापण्डित राहुल साँकृत्यायन डा. भिमराव अम्बेडकरं भारते बुद्ध धर्म प्रचार याना बिज्यागु खँ इतिहासं लोमंकि मखु ।

थुकथं निरन्तर रूपं बुद्ध शासन न्ह्याना वै च्वंगु बुद्ध मार्गीतय्गु एकता व सजगताया चिं खः ।

लिपा बिस्तारं झी बौद्धतय् एकता व संगठित बल मदुगुलिं जापानया फुजी गुरु व पोखराया मिनबहादुर गुरुङ्ग पिनि सहयोगं पोखराया अनदु पहाडे निर्माण जूगु शान्तिस्तूप ध्वस्त जुइक स्यंका ब्यूगु पुलु पुलुं स्वयाच्वने माल । थ्व खँ बौद्धतसें लोमंके फै मखु ।

आनन्दकुटी विहारया चैत्यस च्वंगु अस्तिधातु खुया यंकल । लुम्बिनी मायादेवी मन्दिर निर्माणया ज्याय् नं ढीला सुस्ति जुया च्वंगु, लुम्बिनी शान्ति स्तूप दयका च्वँम्ह जापानी भिक्षु युनाताका नावातामेयात स्याना ब्यूगु घटना नं लोमंके फै मखु । थुपिं फुकं जुया च्वंगु झीके एकता मदुगुलिं खः । उकिं झी बौद्धत छ्धी छपाँय् जुइ माला च्वंगु दु । यान भेद तोता बुद्धयाने लगे जुइ माल । ■

## मोहनी नखः

– *पूर्णबहादुर प्रजापती*

मोहनी नखः वल धकाः मनूत साप लय्लय् तायाच्वन । छाय् थें बाबाँलाःगु वस, पुने दैन, नवरात्रीया उपलक्षे पीठ पीठय् चाःह्यू वने दैन, खा, हँय्, दुगु, फै आदि वली वियाः माक्कुक ला नयदैन धकाःला । थःगथे खः मेपिं प्राणीपिं नं अथेहे खः धकाः मैत्री तय्मफुगु कारणं यानां नं मनूतसें प्राणी स्यानाः ला नयाः मोहनी नखः खनाः लय्ताय् फुगु खः । मखुसा सुंहे द्यवं पशु पंक्षी बली बीहिं धाःगु ला मदु । थःत धाःसा घाःछकू जूगु वेदना सहःयाय् मफु, अय्यामां स्यात ! जि च्वने मजिल ! आः जि सीन ! आः गथे याय् ! धाधां ख्वयाः हाली ज्वी । करपिन्त स्यायबले धाःसा ला नयगु इच्छां लय्लय् तया ज्वी । धर्मया नामं पाप कर्म याना च्वना झीसं । ला नय्गु तृष्णाया कारणं चो छम्ह न्हयज्याकाः लिफः मस्वसे कतिलाः पाकः जुयाच्वनागु वेहोशीपनायात छकः विचाः याय वहः ज्वी धुंकल आः ।

बुद्धं आमीस पूजायात मखु प्रतिपत्ति पूजा (वानी व्यवहार बाँलाकेगु) यात महत्त्व विया विज्याःगु दु । उकें थः गथे प्राणया माया दु मेपिं प्राणीपिनि नं अथेहे प्राणया माया दै, थःत मेपिसं घात याइगु मयोथें थःम्हस्यां नं करपिन्त घात याय् मज्यू धकाः सीकाः दक्को प्राणीपिन्त मैत्री पूर्वक व्यवहार याय् सय्कय नु । थःगु चीज वस्तु मेपिसं लुटेयावइगु, खुया काइगु मयोसा मेपिनिगु चीज वस्तु नं अथे खुया काय मज्यू, लुटे यायमज्यू, ठगय् याय् मज्यू धकाः थ्वीके नु । थःमिसा मिजं मेपिसं लोभ याइगु मयोसा मेपिनि मिसा मिजं नं थम्हं लोभ याय्मज्यू धकाः सीके नु । थःत मेपिसं हयेकाः मखुगु खँ, ल्हाइगु, चुकली खँ ल्हाइगु, छाक्क खँ ल्हाइगु, म्वाःमदुगु खँ ल्हाइगु मयोसा थःम्हस्यां नं मेपिन्त अज्योगु खँ मल्हाय्गु वानी दयक्य नु । अथेहे थःत वेहोशी याइगु ताले मलाकीगु नशालु पदार्थत सेवन मयास्य न्ह्यावलें स्मृतीवान् व होशीयारी जुयाः बुद्धया शिक्षा पालन यायन्‌ु । ■

## धर्म प्रचार

### श्रीघः ज्ञानमालाया रजत जयन्ती

श्रीघः ज्ञानमालाया रजत जयन्तीया लसताय् नेपाल बौद्ध संस्कृति संरक्षण केन्द्रया सक्र्यताय् श्रीघः शान्तिघट चैत्यया न्ह्योने गुँला लच्छियकं विश्वशान्ति कामना यासें सप्तविधानुत्तर महापूजा याना क्वचायकल ।

न्याम्ह वज्राचार्य गुरुजुपिसं तुतः ब्वना व पंचबुद्ध जुया बिज्यापिं गुरुजुपिसं वज्रयानी विधिकथं पूजा याना उगु ज्ञानमाला भजन खलःया न्यीन्यादँ क्यंगु लसताय् लच्छियकं भजनयाना रजत जयन्ती झःझः धाय्क मानेयागु समाचार दु ।

## समाचार

### धरान स्वयम्भू चैत्य विहार

पूर्वाञ्चल धराने च्वंपिं नेवातय्सं नेपाल सम्बत् ११२१ गुँलाथ्व लच्छियकं स्वयम्भू चैत्य महाविहारे उपासक, उपासिका मुना बुद्धगुण स्मरण, धर्म देशनाया नापं दाफा भजन खलया दुजः पुच, सकलमुना धिमे बाजं, धाःबाजं थाना नगर चाहुलेगु यानाः संस्कृतिया संरक्षण जुइगु ज्या जुल । वंगु पंजाष्टमी खुनु १५० म्ह शाक्यवंश जातिपिन्त पंजरां दान बीगु धार्मिक संस्कृति ज्यानं जूगु जुल । थुकथं धरानया नेवा तयेसं संस्कृति संरक्षण याना च्वंगु स्मरणीय जू ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको अनिवारीय कक्षाको प्रतिवेदन

२०५८ श्रावण २७ गते । रिपोर्टर- मन्दीरा महर्जन ।

यसदिन सोभियतरत्न तुलाधरले "चित्त प्रवाह" विषयमा प्रवचन दिंदै भन्नुभयो–

"आलम्बनलाई थाहा पाउनु नै चित्त प्रवाह हो । चेतसिक मनमा आउने कुशल र अकुशल विचारहरू हुन् । चेतसिक चित्तको पछि-पछि आउने ५२ प्रकारका चित्त प्रवाहहरू हुन् । चित्त प्रवाह नै जीवन यात्रा हो । मानिसले चित्त प्रवाहलाई चिनेर आफ्नो चित्तलाई आफ्नो वशमा राख्नुपर्छ । अनिमात्र प्रज्ञालाई प्राप्त गरी जीवन मृत्युको चक्रबाट टाढा रहन सकिने छ । गुलियो फलको बोटबाट तीतो फल फल्न सक्दैन । यो एक प्राकृतिक नियम हो । त्यस्तै हरेक कृया पहिले मनबाट शुरू हुन्छ, अनि वचन र शरीरबाट प्रकट हुन्छ । त्यसैले राम्रो र नराम्रो कार्यहरू सबै मनको संक्रमणको फल हुन् । त्यसैले हामीले आफ्नो चित्त (मन) लाई केलाएर बुझ्न आवश्यक छ । संस्कारको प्रतिकृया भयो भने कर्मको वीउ रोपिनेछ । संस्कार स्थीर रहँदैन । त्यसैले मनमा उत्पत्ति भइरहने राग द्वेषको भावनालाई तटस्थ भई हेरेर त्यसको उत्पत्तिलाई रोक्नुपर्छ । इच्छाको क्रमिक विकास हुनु र संस्कारलाई बढाउनु नै जीवनको तीतो सत्य हो । कुन समयमा कस्तो कामसंग सम्बन्ध रहन्छ त्यस्तै संस्कारको सृजना हुन्छ । रीस माथि रीस थप्दै गयो, मोहमाथि मोह थप्दै गयो भने त्यस्तै प्रकारको चित्तको धाराले फराकिलो ठाउँ लिनेछ । अनि त्यस व्यक्तिले पुरानो संस्कारलाई नष्ट गर्ने मौका प्राप्त गर्न सक्दैन अरू नयाँ नयाँ संस्कारहरू पाइला पिच्छे थप्दै जानेछ । तसर्थ चित्त प्रवाहलाई बुझेर विज्ञान (विञ्ञाण) लाई उपेक्षा भावले हेर्दै जानसक्यो भने संस्कारको वीऊलाई हटाउन सकिनेछ । शरीर र चित्तको प्रवाहलाई चिनेर त्यसलाई विस्तृत रूपमा छुटाउँदै हेर्न सक्यो भने जीवन प्रवाहको सत्य तथ्यलाई बुझ्न सकिनेछ । अनि मात्र म र मेरो भन्ने भावनालाई स्वत: हटाउन सकिनेछ ।

**फुट्ठस्स लोक धम्मेहि चित्तं यस्स न कम्पति**
**असोकं विरजं खेमं एतं मंगलमुत्तमं"**

– लाभ, अलाभ, यश, अयश, निन्दा, प्रशंसा, सुख र दु:ख आदि यी आठ प्रकारका लोक धर्महरूबाट चित्त कम्प नगरी शोक रहित हुनु, राग, द्वेष, मोहरूपि रज नहुनु र निर्भयी रहनु नै मंगल हुन् भनी बुद्धले देशना गर्नुभएको छ ।

मेरो दु:खको कारण म आफैं हुँ भन्ने कुरालाई ध्यान भावनाले प्रष्ट गर्दछ । जस्तो आफू उस्तै अरू भन्ने भावनाले ओतप्रोत बनाइदिन्छ । यसरी चित्तको प्रवाहलाई ध्यान भावनाको माध्यमद्वारा प्रष्ट गरेर जति अनुभव बटुल्न सफल हुन्छौं त्यत्तिनै समवेदनालाई बुझ्न सकिनेछ । आफूमा विद्यमान रहेको क्रोध चित्तलाई मैत्री करूणाले पखाल्न सकिनेछ । यसरी मन र शरीरलाई आफ्नो नियन्त्रणमा राखी अगाडि बढ्नु नै हाम्रो कर्त्तव्य हो ।

### सुगती जाने तीन कुरा

२०५८ भाद्र २ गते । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कक्षामा भिक्षु अश्वघोष महास्थवीरज्यूबाट सुगती जाने तीन कुरो विषयमा ब्याख्या गर्नुहुँदै भन्नुभयो–

"हाम्रो जीवन राम्रो पार्न, सुखद जीवन-यापनको लागि तीन कुराको आवश्यकता पर्दछ । सत्य कुरा बोल्नु, नरिसाउनु र माग्न आउने बेलामा आफन्तलाई आफूसंग भएको केही दिनु ।

त्यसैले हामी आफ्नो वर्तमान अवस्था र भविष्यलाई सुखद बनाउनको लागि यी माथिका तीन कुरालाई व्यवहारमा उतार्दै लग्नु पर्दछ ।

### २०५८ भाद्र ९ गते ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कक्षा संचालनको क्रममा मदनरत्न मानन्धरले 'विपाक' विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

"द्वारको हिसावले शरीर, वचन र मन गरी ३ वटा द्वारबाट गरिने कुशल र अकुशल कर्महरू यसरी छन्–

(क) कायद्वारा (शरीरबाट) गरिने ३ वटा कुशल र ३ वटा अकुशल कर्महरू–

कुशल कर्महरू– (१) दान (त्याग गर्नु),



Downloaded from http://www.dhamma.digital

(२) अपचायन (मान्यजनलाई मान्नु), (३) वेय्यावच्च (मान्यजनलाई सेवा गर्नु)

अकुशल कर्महरू– (१) पाणातिपाता (हिंसा गर्नु), (२) अदिन्ना दाना (चोर्नु), (३) कामेसुमिच्छाचारा (व्यभिचार गर्नु)

(ख) वचीद्वार (वचन) बाट गरिने ४ वटा कुशल र अकुशल कर्महरू–

कशुलकर्महरू– (१) धम्मदेशना, (२) पत्तिदान (अरूलाई पुण्य छोड्नु), (३) पत्तानुमोदन (अरूको पुण्य अनुमोदन गर्नु), (४) भावना ।

अकुशल कर्महरू– मुसावादा (झूठो बोल्नु), (२) पिसुनवाचा (चुकली गर्नु), (३) फरूसवाचा (कडा वचन बोल्नु), (४) सम्फप्पलापवाचा (वकवास गर्नु)

(ग) मनोद्वार (मन) बाट हुने ३ वटा कुशल र अकुशल कर्महरू–

कुशल कर्महरू– शील (मनदेखि धर्म आचरण गर्नु), (२) धम्मस्सवण (धर्म उपदेश सुन्नु), (३) दिट्ठिजुकम्म (अन्धविश्वासबाट बच्नु)

अकुशल कर्महरू– (१) अभिज्झा (दृधलोभ), (२) व्यापाद (बदला लिने), (३) मिच्छा दिट्ठि (गलत धारणामा फस्नु) ।

**२०५८ भाद्र १६ गते ।**

स्थान- धर्मकीर्ति विहार । रिपोर्टर- वीमला शाक्य ।

विषय: कर्म संस्कार ।

यसदिन मदनरत्न मानन्धरले "कर्म संस्कार" विषयमा कक्षा लिंदै भन्नुभयो– कर्म संस्कार जम्मा १३० वटा छन्–

| | | | |
|---|---|---|---|
| कुशल र अकुशल | चित्तबाट गरिने | – | ९८ वटा |
| | द्वार | – | २० वटा |
| | स्थान | – | ४ वटा |
| | फल | – | ४ वटा |
| | कृत्य | – | ४ वटा |
| | जम्मा | – | १३० वटा |

राग चित्तले ७ वटा चित्तखण्ड उत्पन्न गराउँछ । प्रथम जवन चित्तले दिट्ठधम्म वेदनीय कर्मको रूपमा यही जन्ममा फल भोगाउँछ । अन्तिम जवन चित्तले मृत्युपछिको जन्ममा फल भोगाउँछ । यसलाई उपपज्ज वेदनीय कर्म भनिन्छ । वीचमा रहेका ५ वटा जवन चित्तले भव संसारबाट मुक्ति अवस्था प्राप्त गर्न नसकेसम्म जुन अवस्थामा मौका मिल्छ, त्यही अवस्थामा फल भोगाउँदछ । यसलाई अपरापरिय वेदनिय कर्म भनिन्छ ।

बुद्धको कुशल विपाक फलको कुरा गरेर सकिंदैन । बुद्धत्व प्राप्ति नै उहाँको मुख्य तथा प्रथम कुशल विपाक हो ।

## बर्मी पाहुनाहरूको स्वागत

२०५८ भाद्र ३१ गते । स्थान- धर्मकीर्ति विहार, श्रीघ: नघल, काठमाडौं ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको उद्देश्यहरू मध्ये बौद्ध विद्वानहरूलाई स्वागत गर्ने पनि एक हो । जस अनुसार म्यानमारका नव नियुक्त राजदूत ऊ ने विन एवम् वहाँका पहिलो सेक्रेटरीलाई यस गोष्ठीका सचिव श्री इन्द्रकुमार नकर्मीले स्वागत गर्नुभयो । सोही अवसरमा यस गोष्ठीका अध्यक्ष धम्मवती गुरुमाँले राजदूत ऊ ने विनलाई 'स्वयम्भू चैत्य' उपहार प्रदान गर्नुभई धर्मकीर्ति विहार र नेपालमा बुद्ध-धर्मको बारे प्रकाश पार्नुभयो ।

आफ्नो मन्तव्य दिने क्रममा राजदूत ऊ ने विनले भगवान बुद्ध जन्मनुभएको देशमा आफू राजदूत भई सेवा गर्न पाउनु ठूलो भाग्यको कुरा हो र आफ्नो कार्यकालमा बुद्ध-धर्मको अझ विकास गर्न आफूले सक्दो सहयोग गर्ने वचन वद्धता प्रकट गर्नुभयो ।

अन्तमा अध्ययन गोष्ठीका सदस्य श्रीमती सुमन कमल तुलाधरले धन्यवाद ज्ञापन गर्नुभयो । उक्त स्वागत कार्यक्रममा राजदूत एवम् प्रथम सेक्रेटरीका परिवारको पनि उपस्थिति थियो ।

**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**

*– This is the teaching of the Buddhas.*
***यहि नै बुद्धहरूको उपदेश हो ।***

### भिक्षु अमृतानन्द गुणानुस्मरण दिवस

बौद्ध विद्वान भिक्षु अमृतानन्द महास्थविर दिवंगत हुनुभएको एघार वर्ष पुगेको उपलक्षमा उहाँको एघारौं गुणानुस्मरण दिवस आनन्दकुटी विहार स्वयम्भूमा मनाइएको समाचार छ ।

श्रीलंकाका राजदूत पामेला जे डिनको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा उहाँले बुद्ध धर्मलाई नेपाल र विश्वका विभिन्न देशहरूमा समेत प्रचार प्रसार गराउनका लागि भिक्षु अमृतानन्दले भारत, श्रीलंका, मंगोलिया आदि देशहरूसंग राम्रो सम्बन्ध गाँस्नु भएको विषयमा उल्लेख गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्ने क्रममा भिक्षु अश्वघोष महास्थविरले बुद्ध धर्मको माध्यमबाट विदेशमा नेपालको नाम चिनाउने कार्यमा भिक्षु अमृतानन्दको ठूलो योगदान रहेको विषयमा चर्चा गर्नुभयो ।

यस कार्यक्रममा धर्मोदय सभाका अध्यक्ष लोकदर्शन बज्राचार्य, त्रिशुलीका धर्मरत्न शाक्य, राष्ट्रिय सभाका सदस्य लक्ष्मीदास मानन्धर, आनन्दकुटी विद्यापीठका प्रिन्सीपल रत्नबहादुर बज्राचार्य आदिले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

भिक्षु अनिरूद्ध महास्थविरको सभापतित्वमा सम्पन्न भएको यस कार्यक्रममा श्रीलंकाका राजदूत पामेलाले अमृतानन्द स्मृति दिवसको उपलक्ष्यमा आयोजित वक्तृत्वकला, निवन्ध र चित्रकला प्रतियोगितामा विजयी व्यक्तिहरूलाई शील्ड र प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

### बाल आश्रमको प्रथम वार्षिक साधारण सभा

२०५८ भाद्र ९ गते । स्थान- ध्यानकुटी विहार, बनेपा ।

मेत्ता सेन्टर (मैत्री केन्द्र) ध्यानकुटी बाल आश्रमको प्रथम वार्षिक साधारण सभा सम्पन्न भएको छ । भिक्षु अश्वघोष महास्थविरको सभापतित्वमा संचालित यस कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथी (बनेपा न.पा.का. मेयर) श्री सुरेन्द्रबहादुर वाडेज्यूले गर्नुभएको थियो । शील प्रार्थनाबाट शुरू गरिएको यस कार्यक्रममा मेत्ता सेन्टरका अध्यक्ष पियरत्न महर्जनले स्वागत भाषण गर्नुहुँदै भन्नुभयो– "मेत्ता सेन्टरको उद्देश्य नै असहाय र निमुखा परिवारका बाल बालिकाहरूलाई आधारभूत आवश्यकताका साथै पढाई सेवा प्रदान गर्नु हो ।" उक्त कार्यक्रममा मेत्ता सेन्टरका सचिव विरेन्द्र श्रेष्ठले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

बाल आश्रमका दुई वालिकाहरू विनीता र रेणुले मेत्ता सेन्टर लगायत भिक्षु अश्वघोषको समक्ष कृतज्ञता मन्तव्य व्यक्त गर्दै भने– "यदि यस बाल आश्रमले हामीलाई आश्रय नदिएको भए अहिले हामी कुनै घरमा भाँडा माझ्ने काम गरिरहेको हुनेछौं होला । बाल आश्रमको सहयोगले गर्दा आज हाम्रो हातले कलम, कापी र पुस्तक समात्ने मौका पाएको छ ।"

यसरी नै पत्रकार मोहन दुवालले यस बाल आश्रमको देनलाई वक्ता बालीकाहरूले प्रष्टाएको कुरा उल्लेख गर्नुहुँदै भन्नुभयो– "बनेपा स्थित यस बाल आश्रमलाई बनेपालीको नाताले मात्र होइन, एक मानवको नाताले पनि यसलाई सक्दो सहयोग गर्नुपर्छ ।" यति भन्नुहुँदै उहाँ स्वयम्ले पनि यस बाल आश्रमलाई रु. ५००/– आर्थिक सहयोग दिनुभएको थियो ।

यसै क्रममा श्रीलंका राजदूत, थाइलैण्डका कार्यवाहक राजदूत र म्यानमार राजदूतावासका प्रतिनिधि आदिले ध्यानकुटी बाल आश्रमको देनलाई प्रशंसा गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्ने क्रममा बनेपा न.पा.का मेयर श्री सुरेन्द्रबहादुर वाडेले भन्नुभयो– "एक आपसमा दया मायाको कमी हुँदै गएको आजको स्वार्थी समाजमा यस ध्यानकुटी बाल आश्रमले केही असहाय बालिकाहरूको भविष्य निर्माण गर्ने कार्यगरी अति प्रशंसनिय सेवा पुऱ्याएको छ । यस्तो परोपकारी संस्थालाई आवश्यक सहयोग पुऱ्याउनु मानविय कार्य हो । त्यसैले बनेपा नगर पालिकाकोतर्फबाट पनि यस आश्रमलाई सक्दो आर्थिक सहयोग पुऱ्याउने कुरा जानकारी गराउन चाहन्छु ।"

सभापतीको आशसनबाट बोल्नुहुँदै भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो–

"बुद्ध शिक्षाको उद्देश्य नै मानिसलाई असल मानिस बनाउनु हो । तर मानिसहरूको हृदय परिवर्तन गर्न भने धेरै कठिन छ । किनभने पाको उमेरका मानिसहरूको बानी व्यवहार सुकिसकेको कडा माटो जस्तै भइसकेको हुन्छ । जसलाई परिवर्तन गर्न गाऱ्हो हुन्छ । त्यसैले भिजेको नरम माटोको रूपमा रहेका बाल-बालिकाहरूको चित्तलाई राम्रो मार्गमा डोऱ्याई



Downloaded from http://www.dhamma.digital

हृदय परिवर्तन गर्न सजिलो हुने देखि बाल आश्रम स्थापना गरिएको हो । यी बालिकाहरूलाई शुद्ध आचरण र राम्रो बानी व्यवहार सहितको शिक्षा दिई शिक्षित पार्न सकेको खण्डमा उनीहरूले समाजमा एक असल गृहिणीको रूपमा भूमिका निभाउन सक्नेछ । एउटी असल र सभ्य गृहीणीले आफ्नो परिवारको सदस्यहरूलाई नै शिक्षित र सभ्य पार्न सक्छिन् भने शिक्षित परिवारहरूको समूहले गाउँ र नगरलाई शिक्षित बनाउन सक्छ । शिक्षित गाउँ र नगरहरूको समूहले एउटा सिंगो देशलाई नै शिक्षित र सभ्य बनाउन सक्नेछ । त्यसैले यस बाल आश्रमको प्रमुख उद्देश्य बौद्ध संख्या बढाउनु होइन मानिसहरूको गुणात्मक संख्या बढाउनु हो ।"

कार्यक्रमको अन्त्यमा मेत्ता सेन्टरकी सदस्य सत्यना शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## ध्यानकुटी बाल आश्रमलाई आर्थिक सहयोग

२०५८ भाद्र ९ गते वार्षिक उत्सवको दिन प्राप्त भएको आर्थिक सहयोग ।

| | | | |
|---|---|---|---|
| कार्यवाहक थाइ राजदूत | – | रु. | १०,०००/– |
| म्यानमार राजदूतावास | – | रु. | ३०००/– |
| न्हुछेरत्न शाक्य, बनेपा | – | रु. | ५०५/– |
| मोहन दुवाल, बनेपा | – | रु. | ५००/– |
| पूर्णसिं शाक्य, बनेपा | – | रु. | ५००/– |
| बद्री जोशी, बनेपा | – | रु. | २५०/– |
| तउ प्रसाद गुरुङ्ग, बनेपा | – | रु. | २५०/– |

रु. १००/– भन्दा बढी दिनेहरू: दशनारायण पोते, आशाकाजी डंगोल, विनोद मानन्धर, बनेपा ।

रु. १००/– दिनेहरू: बद्रीनाथ बादे, हरिशंकर मानन्धर, हर्क बहादुर रंजित, न्हुच्छेरत्न शाक्य, चन्द्रज्योति शाक्य, कुवेरकृष्ण कायस्थ, जुजुभाई तुलाधर, मदन नकर्मी रातोपुल, हिरामैया नकर्मी गरेर जम्मा रु. १७,००७/–

बनेपा नगरपालिकाबाट महिनामा रु. पाँचहजारका दरले ४ महिनाको एकमुष्ठ रु. २०,०००/–

रत्नलाल मानन्धर, भक्तपुर रु. १,०००/–

ताइवानबाट भिक्षु मंगल मार्फत रु.२,०००००/–

## थेरवाद बौद्ध दायक परिषदको सभा

थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको सभाबाट पारित व्यहोराहरू–

(१) सम्माननिय प्रधानमन्त्रीबाट घोषणा गर्नुभए बमोजिम छुवाछुत प्रथालाई समाप्त गर्ने प्रगतिशील कदम चाल्नुभएको सऱ्हानीय छ ।

(२) श्री ५ को सरकार तथा अ.ने.म. संघ (क्रान्तिकारी) का बीच सम्झौता भए बमोजिम मदिरा सेवन नियन्त्रण गर्ने महान अभियानबाट नेपाली समाजलाई निश्चय पनि कुलतबाट मुक्ति दिलाउने कार्यमा सघाऊ पुग्नेछ ।

(३) आजैदेखि श्री ५ को सरकार तथा माओवादी बीच हुने भनिएको वार्ता कार्यक्रम समय सुहाउँदो छ । दुवै पक्षले राष्ट्र र जनहीतको ख्याल राखी शान्तिपूर्ण तथा समुन्नत राष्ट्र निर्माणको निम्ति महत्त्वपूर्ण योगदान प्रदान गर्न सफल होस् भनी कामना गर्दछौं ।

(४) भगवान् बुद्धको उपदेशमा पनि उपरोक्त व्यहोराहरू व्यवहारमा प्रयोग गर्नुपर्ने बारे स्पष्ट गरिएको छ ।

## परिचयात्मक गोष्ठी

२०५८ श्रावण २० गते । स्थान- चारूमती बुद्ध विहार, चावहिल ।

भिक्षु तपस्सी धम्म र चैनपुर बोधिसत्त्व विहारका उपासकको संयोजकत्त्वमा शील, प्रार्थना, बुद्धपूजा र धर्मदेशना पश्चात् परिचयात्मक गोष्ठी संचालन गरिएको समाचार प्राप्त भएको छ ।

भिक्षु तपस्सी धम्मले स्वागत भाषण गर्नुभएको उक्त गोष्ठीमा श्री चन्द्रज्योति शाक्यले बुद्ध शिक्षा सम्बन्धमा प्रकाश पार्नुभएको थियो ।

## अभिनन्दन समारोह

२०५८ भाद्र ९ गते । स्थान- स्टाफ कलेज, जावलाखेल ।

बुद्ध शिक्षा प्रचार प्रसार तथा पुनरूत्थान गर्ने पुनित कार्यमा आफ्नो अमूल्य योगदान दिनुहुने बौद्ध व्यक्तित्त्वहरू प्रा. श्री आशाराम शाक्य, श्री लोकदर्शन बज्राचार्य र श्री बुद्धिराज बज्राचार्य (ल.पु.उ.म.न.पा. मेयर) ज्यूको सम्मानमा एक अभिनन्दन समारोहको आयोजना गरी अभिनन्दन गरिएको समाचार छ । युवक बौद्ध मण्डलको आयोजनामा आयोजित उक्त समारोह युवक बौद्ध मण्डलका अध्यक्ष चन्द्रमान शाक्यको सभापतित्त्वमा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा उपाध्यक्ष अशोकमान शाक्यले स्वागत भाषण गर्नुभएको थियो भने श्री सत्यमोहन जोशीले अभिनन्दित हुनुभएका व्यक्तित्त्वहरूको संक्षिप्त परिचय दिनुभएको थियो ।

उक्त समारोहमा श्री ५ को सरकारको मुख्य सचिव श्री तिर्थमान शाक्यले अभिनन्दित व्यक्तित्त्वहरू बारे आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

अभिनन्दित व्यक्तित्वहरूको जीवनी परिचयहरू संगाली सचिव सुरेन्द्र शाक्यको संयोजनमा तथा पुष्पराज शाक्यको संपादकत्त्वमा अभिनन्दन स्मारिका पनि प्रकाशित गरिएको थियो ।

**३१ औं वार्षिक साधारण सभा समुद्घाटन**

२०५८ भाद्र १० गते । स्थान- लोककीर्ति महाविहार, इतिटोल, ललितपुर ।

युवक बौद्ध मण्डल नेपालको ३१ औं वार्षिक साधारण सभा सम्पन्न भएको समाचार छ । श्री ५ को सरकारको मुख्य सचिव श्री तीर्थमान शाक्यज्यूको प्रमुख अतिथित्त्वमा सम्पन्न सो सभामा श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरले शील प्रार्थना गराउनु भएको थियो ।

उक्त कार्यक्रममा मण्डलका वरिष्ठ सल्लाहकार वर्गहरू श्री बुद्धिराज बज्राचार्य, श्री बेखारत्न शाक्य, प्रा. आशाराम शाक्य र श्री लोकदर्शन बज्राचार्यले बुद्धधर्म उत्थान र योगदान बारे आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । यसरी नै उक्त सभामा महासचिव श्री राजेश शाक्यले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष श्री सुनिल बज्राचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । श्री चन्द्रमान शाक्यको सभापतित्त्वमा सम्पन्न भएको उक्त कार्यक्रममा उहाँले नै धन्यवाद ज्ञापन गरी सभा विसर्जन गर्नुभएको थियो ।

कार्यक्रमको दोश्रो सत्रमा १७ औं कार्य समिति चयनको लागि निर्वाचन भएको थियो ।

**प्रज्ञा महाविहारबाट बधाई ज्ञापन**

बुद्धका अनुयायी, अशल व्यक्तित्त्व, समाजसेवी, प्रतिष्ठित उद्योगपति तथा बौद्ध संस्था धर्मोदय सभा केन्द्रिय वरिष्ठ उपाध्यक्ष श्री लक्ष्मीदास मानन्धरज्यूलाई हालै राष्ट्रिय सभाको सांसद पदमा निर्वाचित हुनु भएको सुखद उपलक्ष्यमा हेटौंडा स्थित प्रज्ञा महाविहारका पदाधिकारी लगायत महिला तथा सज्जनवृन्दहरूबाट बधाई ज्ञापन गरिएको समाचार छ । उक्त अवसरमा माननिय श्री मानन्धरबाट आफ्नो जाती, धर्म र भाषाको लागि आफूले गर्न सक्ने योगदान पुऱ्याउने विचार व्यक्त गर्नुभएको थियो ।

उक्त समारोहमा प्रज्ञा महाविहारका अध्यक्ष श्री मोहन बज्राचार्य, सचिव पवन शाक्य का.का.स. नियम शाक्य आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

कार्यक्रमको अन्त्यमा समाजसेवी तथा नेपाल भाषा खलःका सक्रिय सदस्य श्री महेश्वर श्रेष्ठले धन्यवाद व्यक्त गर्नुभएको थियो ।

**'तथागत भन्नुहुन्छ' पुस्तक विमोचन**

२०५८ भाद्र २३ गते । बुद्ध विहार ।

उक्त दिन युवा बौद्ध समूहको आयोजनामा भिक्षु सुशीलद्वारा लिखित 'तथागत भन्नुहुन्छ' नामक पुस्तक धर्मोदय सभाका अध्यक्ष लोकदर्शन बज्राचार्यले विमोचन गर्नुभयो । त्रिपिटक मूल पालिसित सम्बन्धित पुस्तकबारे बोल्नुहुँदै वहाँले भन्नुभयो– कम समयमै पढेर सकिने खालको यस्ता पुस्तक प्रकाशित हुनु आवश्यक छ ।

पुस्तकको समीक्षक भिक्षु कोण्डन्यले भन्नुभयो– पुस्तक सानो आकारको भएपनि बुद्ध शिक्षाका सारांश समावेश भएको छ ।

बौद्ध समूहका सल्लाहकार हर्षमुनि शाक्यले स्वागत गर्दै भन्नुभयो यस्ता पुस्तक जनजातीको लागि उपयोगी छ ।

पुस्तकका लेखक भिक्षु सुशीलले बर्तमान पाठकहरूको ध्यानमा राखी पुस्तक रचना गरेको कुरा भन्नुभयो ।

पुस्तकका प्रकाशक पुष्प मानन्धरले यस्तै प्रकारको अरू पनि बुद्ध शिक्षा बारे पुस्तक प्रकाशित गर्ने इच्छा प्रकट गर्नुभयो ।

युवा समूहका अध्यक्ष शान्तरत्नका सभापतित्वमा सम्पन्न भएको उक्त समारोहमा समूहका सचिव मदनरत्न तुलाधरले धन्यवाद दिनुभयो भने समूहका उपाध्यक्ष त्रिरत्न मानन्धरले कार्यक्रम संचालन गर्नुभएको थियो ।

**निबन्ध प्रतियोगिताको पुरस्कार वितरण**

बुद्ध सम्वत् २५४५ र बुद्ध पूर्णिमाको उपलक्ष्यमा लोटस रिसर्च सेन्टरको आयोजनामा सम्पन्न भएको बोधिचित्त विषयको निबन्ध प्रतियोगितामा पुरस्कार वितरण कार्य सम्पन्न भएको समाचार छ ।

रिसर्च सेन्टरका अध्यक्ष प्रा. डा. वज्रराज शाक्यको सभापतित्त्वमा र लिपि विशेषज्ञ पं. हेमराज शाक्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा लोकबहादुर शाक्य र केदार शाक्यले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । मधुर शाक्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा सि.वि. वज्राचार्यले स्वागत भाषण गर्नुभएको थियो ।

यस निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका सहभागीहरूको नाम क्रमशः यसरी उल्लेख भएका छन्– मिरोज शाक्य, तीर्थराज शाक्य र हिरण्यराज वज्राचार्य आदि (उहाँहरूलाई प्रमुख अतिथी शाक्यले क्रमशः तीन हजार, दुई हजार र प्रन्धसय रूपैयाँ पुरस्कार प्रदान गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

प्रतियोगितामा चौथो र पाँचौं स्थान ओगट्न सफलभएका क्रमश: रचना शाक्य र तेजरत्न शाक्य दुवै जनालाई पाँच पाँचसय रूपैयाँ सान्त्वना पुरस्कार प्रदान गरिएको थियो । निबन्ध मूल्यांकनकर्ता फणिन्द्ररत्न बज्राचार्यले प्रतियोगितामा समावेश भएका निबन्धको समिक्षा गर्नुभई निबन्ध लेखन कला विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । प्रतियोगितामा भागलिने सबै सहभागीहरूलाई प्रमाणपत्र र पलेस्वाँ पत्रिका पनि प्रदान गरिएको थियो ।

## पुरस्कार वितरण

२०५८ भाद्र १६ गते । स्थान- प्रणिधिपूर्ण महाविहार, बलम्बु ।

प्रणिधिपूर्ण महाविहार बौद्ध परियत्ति केन्द्रबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई एक कार्यक्रम बिच पुरस्कार वितरण गरिएको समाचार छ ।

कार्यक्रमका प्रमुख अतिथी थाइलैण्डका कार्यवाहक राजदूत सहित जिल्ला सभापति सानुकुमार श्रेष्ठ, हिमालय बुद्धिष्ट फाउण्डेशनका सचिव श्री मीनबहादुर शाक्य लगायत अन्य अतिथीहरूको तर्फबाट पनि पुरस्कार वितरण गरिएको थियो ।

परियत्तिका शिक्षिका सुश्री नीलशोभा महर्जनले स्वागत गर्नुभएको उक्त सभामा विहारका उपासकहरू हरिकृष्ण श्रेष्ठ र रामभक्त श्रेष्ठले स्वागत गान प्रस्तुत गर्नुभएको थियो भने मनोज श्रेष्ठले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसरी नै मनदेवी महर्जनले बौद्ध परियत्ति विषयमा बोल्नु भएको थियो ।

२०५७ सालको प्रवेश द्वितीय वर्षमा बोर्ड तृतीय श्रेणी ल्याई उत्तीर्ण हुन सफल भएका धननारायण महर्जनलाई स्वयम्भू धर्मपासा पुच:का श्री पुष्परत्न तुलाधर र कुसुम गुरुमाँ धर्मकीर्ति विहारले विशेष प्रेरणा उपहार प्रदान गर्नुभएको थियो ।

दायक सभाका अध्यक्ष श्री न्हुच्छेबहादुर महर्जनले धन्यवाद ज्ञापन गर्नुभएको उक्त सभा भिक्षु धर्ममूर्तिले संचालन गर्नुभएको थियो ।

उक्त दिन 'प्रणिधि बौद्ध परियत्ति पुच:' द्वारा परियत्ति विद्यार्थीहरूका बिच आन्तरिक हाजिरी जवाफ प्रतियोगिता पनि सम्पन्न गरिएको थियो । सो प्रतियोगितामा 'करूणा ग्रुप' का अमृत महर्जन, श्रृजना महर्जन र रामचन्द्र महर्जन र 'मुदिता ग्रुप' का श्रीदेवी महर्जन, जनार्दन महर्जन र नानीवेटी महर्जन क्रमश: प्रथम र द्वितीय भएका थिए । विजयी प्रतियोगीहरूलाई सोही समारोहमा पुरस्कार वितरण गरिएको थियो ।

## सुमनकीर्ति उपसम्पदा

जुलाई ६, सन् २००० । स्थान- वाट पकनाम विहारको उपोसथागार, बैंकक ।

थाई उपसंघराजा भिक्षु सोमदेच फ्रा महाराज मंगलाचार्य र भिक्षु चाउखुन फ्रा विरियालंकार कम्मवाचा सहित २५ जवान वरिष्ठ भिक्षुहरूको समुपस्थितिमा एक नेपाली श्रामणेर भिक्षु (उपसम्पदा) भएको समाचार प्राप्त भएको छ । उपसम्पदा पछि उहाँको नाम सुमनकीर्ति राखिएको थियो ।

सन् १९९५ जुलाई २६ का दिन भिक्षु सुदर्शनको व्यवस्थामा थाइलैण्ड जानुभएका भिक्षु सुमनकीर्ति हाल थाई बौद्ध विश्व विद्यालयमा थाई भाषामा बुद्ध शिक्षा अध्ययन गर्दै हुनुहुन्छ । उहाँ सन् १९९७ वैशाख पूर्णिमाका दिन भिक्षु बुद्धघोष महास्थविरको उपाध्यायत्वमा श्रीकीर्ति विहार कीर्तिपुरमा श्रामणेर हुनुभएको थियो । नेपालमा ५ वर्षसम्म बौद्ध परियत्ति शिक्षा अध्ययन गरी थप अध्ययनको सिलसिलामा थाइलैण्ड जानु भएका भिक्षु सुमनकीर्तिले कम्बोडिया, लावोस् बर्मा र भियतनाम आदि विदेशहरूमा अध्ययन भ्रमण गर्नुभएको कुरा थाहा हुन आएको छ ।

## प्रेरणा पुरस्कार

शाक्यसिंह बौद्ध परियत्ति तथा बौद्ध शिक्षालयको वार्षिक उत्सव तथा प्रेरणा पुरस्कार वितरण समारोह लपु उपमहानगर पालिकाका मेयर बुद्धिराज वज्राचार्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको समाचार छ ।

प्रमुख अतिथिबाट बु.सं. २५४५ मा कक्षा १ देखि ६ सम्म उतीर्ण भएका विद्यार्थी तथा बोर्ड प्राप्त गरेका विद्यार्थी लगायत अतिरिक्त क्रियाकलापमा सहभागी विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

शिक्षालयका अध्यक्ष भिक्षु धम्मपाल महास्थविरले स्वागत गर्नुभएको उक्त कार्यक्रममा देवेन्द्र वज्राचार्यले वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष विकास महर्जनले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा शिक्षिका रत्नशोभा शाक्यबाट धन्यवाद ज्ञापन तथा सभापतिको आसनबाट श्रद्धेय बुद्धघोष महास्थविरले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

समारोहमा बौद्ध जातकमा आधारित 'लोभिम्ह बंजा' नाटक देखाएको थियो । साथै कार्यक्रममा संघमहानायक प्रज्ञानन्द महास्थविरद्वारा लिखित 'प्रज्ञानन्द स्मृति म्ये मुना' भाग-१ मा समावेश भएको ज्ञानमाला गीत प्रस्तुत गरिएको थियो ।

### चीन भ्रमण टोली सकुशल फर्के

धर्मोदय सभाको उपाध्यक्ष सांसद लक्ष्मीदास मानन्धरको नेतृत्वमा ४९ जनाको प्रतिनिधि मण्डल भाद्र १२ गते देखि २४ सम्म चीनका राजधानी पेइचिङ, सांघाइ, सुचाउ, हाङचाउ, नान्किङ चाउचुइङ, ८८ मीटर अग्लो बुद्धमूर्ति भएको पुसी ठाउँलगाएत शहरहरू भ्रमण गरि सुकशल फर्केको समाचर छ ।

उक्त प्रतिनिधि मण्डललाई चीनस्थित शाही राजदूत राजेश्वर आचार्यले भव्यरूपमा स्वागत गर्नुभयो ।

यस्तै चिनिया बौद्ध संघद्वारा पनि भव्यरूपमा स्वागत गरेको समाचार छ । यत्तिका प्रतिनिधिहरूले चीन भ्रमण गरेको यो पहिलो अवसर हो भन्ने चर्चा छ ।

### म्याग्दी बेनीका बौद्ध गतिविधिहरू

म्याग्दी बेनीमा सम्पन्न भएका विभिन्न बौद्ध गतिविधिहरूको समाचार प्राप्त भएका छन्–

#### वृक्षारोपण

श्रावण २१ गते, बेनी । क्वाँती पूर्णिमाको उपलक्ष्यमा पराहपाखो सामुदायिक वन उपभोक्ता समूहको अनुरोध अनुसार म्याग्दी बौद्ध संघको सकृयतामा, भिक्षु विशुद्धानन्दको प्रमुख आतिथ्यमा सामुदायिक वन क्षेत्र भित्र ४०० थान आयमूलक कार्यक्रम अन्तरगत पर्ने अम्रिसोको बिरूवा रोपिएका छन् । स्मरणीय छ, बुद्धको जन्म, बुद्धत्व प्राप्ती र परि निर्वाण आदि त्रिसंयोग रूख मुनि नै सम्पन्न भएको घटनालाई सम्झना गरी यस वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको कुरा थाहा हुन आएको छ ।

#### राहत सामग्री हस्तान्तरण

श्रावण २४ गते, बेनी । म्याग्दी जिल्लाको अर्मन, बंरजा, वावियाचौर लगायतका गा.वि.स.हरूमा यसपालीको अविरल वर्षाको कारणले बाढी पहिरोबाट पिडित जनताहरूलाई राहत दिनको लागि म्याग्दी बौद्ध संघको पहलमा युवा बौद्ध संघ पोखराको सहयोगबाट प्राप्त २६६ सेट अन्दाजी ५०० टुक्रा कपडा (अन्दाजी रु. ५०,०००/– रु. पचासहजार रुपैयाँ बराबरको) नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा म्याग्दीलाई बौद्ध संघ बेनीको तर्फबाट हस्तान्तरण गरिएको छ ।

#### बद्धपूजा

श्रावण २७ गते, बेनी । म्याग्दी जिल्लाको रत्नेचौर गा.वि.स.को रत्नेचौर गाउँको खुल्लाचौरमा तिलक थापा मगरको विशेष पहलमा, भिक्षु विशुद्धानन्दको आतिथ्यमा र बेनी बजारका उपासक उपासिकाहरूको सहभागितामा दान, शील, भावना र बुद्ध पूजा कार्यक्रम संचालन गरियो । श्री भजनलाल शाक्यको नेतृत्त्वमा भेला भएका उपासक उपासिकाहरूको समुपस्थितिमा केशर रोका मगरले स्वागत गर्नुभएको उक्त कार्यक्रममा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो– याम शाक्य, रमेश श्रेष्ठ, श्रीमती विष्णु शाक्य, कृष्ण बोगटी, नरबहादुर थापामगर आदि । भिक्षु विशुद्धानन्दले धर्म देशना गर्नुभई कार्यक्रमको अन्त्यतिर गाउँका स्कूल पढ्ने १०० जवान वाल वालिकाहरूलाई म्याग्दी बौद्ध संघको तर्फबाट कापी र पेन्सिल वितरण गरिएको उक्त कार्यक्रममा तिलक थापा मगरले धन्यवाद मन्तव्य र पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो । यसरीनै श्रीमती कुमारी थापा मगरको अध्यक्षतामा ९ सदस्यीय रत्नेचौर गाउँ इकाई स्तरिय मगर बौद्ध सेवा समाज गठन गरिएको थियो । यसदिन प्रदिप पुन मगरले कार्यक्रम संचालन गर्नुभएको थियो ।

### सतिपट्ठान ध्यान शिविर

भाद्र २ गते, बेनी । म्याग्दी बौद्ध संघको चैत्य स्थित जग्गामा निर्मित अस्थाई विहारमा भिक्षु विशुद्धानन्दको निर्देशनमा एकदिने सतिपट्ठान ध्यान शिविर सम्पन्न भएको कुरा थाहा हुन आएको छ । महिला पुरुष गरी जम्मा १४ जना योगीहरू सहभागी भएको सो शिविर बेनीको लागि पहिलो ध्यान शिविर भएको कुरा पनि समाचारमा उल्लेख गरिएको छ ।

### वार्षिक उत्सव तथा प्रेरणा पुरस्कार वितरण

२०५८ भाद्र १६ गते, स्थान- सिद्धि मंगल बुद्ध विहार ।

सिद्धि मंगल बौद्ध परियत्ति केन्द्रको चारौं वार्षिक उत्सव तथा प्रेरणा पुरस्कार वितरण समारोह सम्पन्न भएको समाचार छ । उक्त समारोहमा भिक्षु प्रज्ञाकीर्तिले पञ्चशील प्रार्थना गराउनु भएको थियो । बुद्ध पूजा पछि सिद्धि मंगल बुद्ध विहारका उप-सचिव मंगलदास महर्जनले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रममा सिद्धिपुर गा.वि.स. कार्यालयका अध्यक्ष कृष्णकुमार महर्जनले परियत्ति शिक्षाको महत्त्व दर्शाउनु हुँदै परियत्ति शिक्षाका विद्यार्थीहरूलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।

ललितपुर उप म.न.पा.का मेयर बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा सिद्धिपुर गा.वि.स.कार्यालयका उपाध्यक्ष बलराम महर्जनले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने विष्णुरत्न शाक्य र विद्यार्थीहरूको तर्फबाट स्वागत गान गाउनु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

ज्ञाणवती गुरुमाँ, यशवती गुरुमाँले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा भिमबहादुर शाक्यले शिक्षकहरूलाई पनि पुरस्कार दिनुभएको थियो ।

परियत्ति शिक्षा संचालनार्थ आ-आफ्नो श्रद्धानुसार चन्दा दिने दाताहरू र रकम यसरी रहेको छ–

| | | | |
|---|---|---|---|
| हरिगोविन्द महर्जन | – | रु. | १००१/– |
| नाती महर्जन | – | रु. | १००१/– |
| लोकबहादुर महर्जन | – | रु. | ११११/– |
| श्याम महर्जन | – | रु. | ११११/– |
| सिद्धिपुर गा.वि.स. | – | रु. | १०००/– |

उपासिका मैयाँ महर्जन परिवारले गुरुमाँहरू लगायत उपासक उपासिकाहरू र विद्यार्थीहरूलाई जलपान र भोजनको व्यवस्था मिलाउनु भएको थियो ।

यही समारोहमा परियत्ति विद्यार्थीहरूको तर्फबाट हाजिरी जवाफ प्रतियोगिता संचालन गरिएको थियो । परियत्ति कक्षा संचालनार्थ शिक्षिकाको रूपमा रही नि:शुल्क सहयोग गर्नुहुने सहयोगीहरूको नामावली यसरी रहेको थियो– यशवती गुरुमाँ, विमला शाक्य र समिना आवाले आदि ।

अष्टमान महर्जनको सभापतित्त्वमा सञ्चालित यस कार्यक्रममा बुद्धिबहादुर महर्जनले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## बौद्ध निबन्ध प्रतियोगिता

२०५८ भाद्र १५ गते । स्थान- श्री ५ रत्नलक्ष्मी कन्या मा.वि. नदिपुर, पोखरा ।

युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार नदिपुर पोखराको छैंठौं वार्षिक उत्सवको उपलक्ष्यमा बौद्ध निबन्ध प्रतियोगिता संचालन गरिएको समाचार छ ।

कालिका बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख तथा कार्यक्रमका प्रमुख अतिथि श्री बलविरसिंह नेगीले उद्घाटन गर्नुभएको उक्त प्रतियोगिताको प्रारम्भमा भिक्षु श्रद्धानन्दले पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

प्रकाश उदासको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा शेखरमान विजुक्छेंले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । प्रतियोगिता बारे मन्तव्य व्यक्त गर्नुहुने अन्य महानुभावहरू यसरी हुनुहुन्थ्यो । विश्वरत्न शाक्य, कृष्ण भण्डारी, विष्णुहरी ढकाल, आदि । उक्त निबन्ध प्रतियोगिताका लागि रनिङ्ग शिल्डको व्यवस्था स्वराज गहना गृह मोहरिया टोलबाट गरिएको कुरा थाहा हुन आएको छ । प्रतियोगितामा जम्मा १८ वटा विद्यालयहरू सहभागी रहेका थिए ।

निबन्धका शिर्षकहरू यसरी रहेको थियो–

(१) शान्ति सृजनाका लागि बुद्ध शिक्षा
(२) विश्व शान्तिको केन्द्र विन्दु लुम्बिनी

सहभागीहरूले यी दुई शिर्षकहरू मध्ये एक शिर्षक छान्नु पर्ने व्यवस्था गरिएको थियो ।

कार्यक्रम विमल उदासले संचालन गर्नुभएको थियो ।

## रक्तदान कार्यक्रम

२०५८ भाद्र १६ गते । स्थान- विन्ध्यवासीनी पार्क मोहरिया टोल ।

युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार नदिपुर पोखराले संघको छैठौं वार्षिक उत्सवको उपलक्ष्यमा खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरिएको समाचार छ । नगर विकास समितिका अध्यक्ष श्री अशोक पालिखेको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिज्यूले कार्यक्रम उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रम संयोजक विकास रत्न शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त सभामा प्रमुख अतिथी पालिखे लगायत गेहेन्द्रेश्वर कोइरालाले आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए ।

सो अवसरमा अतिथी श्री पालिखेले रक्तदाताहरूलाई प्रशंसा-पत्र प्रदान गर्नुभएको थियो भने युवा बौद्ध संघको तर्फबाट अध्यक्ष श्री उदासले प्रमुख अतिथी लगायत कास्की रेडक्रसका सभापति श्री गेहेन्द्रेश्वर कोइरालालाई बुद्ध धर्म सम्बन्धी पुस्तक उपहार प्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रम आयोजना गर्नको लागि आवश्यक आर्थिक सहयोग पुऱ्याउने सहयोगीहरू यसरी रहेको कुरा बुझिएको छ– विन्दुवासिनी चलचित्र मन्दिर र श्रीकृष्ण चलचित्र मन्दिर तेर्सापट्टी, श्री महेन्द्र खोखाली । यसरी नै रक्तसंचार केन्द्रको तर्फबाट प्राविधिक द्वय अर्जुन ज्ञवाली र माधव पोखरेलले पनि आवश्यक सेवा पुऱ्याउनुभएको कुरा संयोजक विकासरत्न शाक्यले जानकारी दिनुभएको थियो ।

उक्त कार्यक्रममा ६ जवान महिला र ३२ जवान पुरुष गरी जम्मा ३८ जवान रक्तदाताहरूले रक्तदान गरेको कुरा थाहा हुन आएको छ ।

## युवा बौद्ध संघको छैठौं वार्षिक उत्सव तथा साधारणसभा

२०५८ भाद्र २३ गते । स्थान- शाक्य समाज भवन नदीपुर, पोखरा ।

युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार नदीपुर पोखराको छैठौं वार्षिक उत्सव तथा साधारण सभा सम्पन्न भएको समाचार छ । श्रद्धेय भिक्षु श्रद्धानन्द समक्ष पञ्चशील प्रार्थना गरी प्रारम्भ गरिएको उक्त समारोह प्रमुख अतिथी लेखनाथ न.पा.का उप-प्रमुख श्री गोपालमान गुरुङ्गले उद्‌घाटन गर्नुभएको थियो । युवा बौद्ध संघका अध्यक्ष प्रकाश उदासको सभापतित्त्वमा सह-सचिव रञ्जन बुद्धाचार्यले संचालन गर्नुभएको सो समारोहमा विक्रम बुद्धाचार्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने विमल उदासले वार्षिक प्रतिवेदन र सोनी सुवालले आय-व्यय हिसाव वितरण प्रस्तुत गर्नुभएको थियो ।

सोही अवसरमा अन्तर मा.वि. बौद्ध निबन्ध प्रतियोगितामा विजयी विद्यार्थीहरू तथा विद्यालयलाई प्रमुख अतिथीले रनिङ्ग शील्ड तथा पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

संघद्वारा वर्ष २०५७/०५८ मा आयोजित विभिन्न कार्यक्रमहरूमा संयोजक भई कार्य गरेका सदस्यहरूलाई प्रशंसा पत्र प्रदान गरिएको थियो भने पोखरामा सबैभन्दा धेरै पटक रक्तदान गर्नुभएका इच्छामान बुद्धाचार्य लगायत अन्य रक्तदाताहरूलाई रेडक्रस चिन्ह अंकित व्याज वितरण गरिएको थियो । युवा बौद्ध संघका कृयाकलापहरूलाई प्रचार प्रसारमा सहयोग पुऱ्याएकोमा रेडियो अन्नपूर्ण र पोखरा एफ.एम.लाई सम्मान स्वरूप उपहार प्रदान गरिएको उक्त कार्यक्रममा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो–

रविन्द्र माकाजू, गेहेन्द्रेश्वर कोइराला, निर्मल कर्माचार्य, श्रीमती कर्मा गुरुङ्ग, आदि । सो समारोहमा धर्मानुशाषक भिक्षु श्रद्धानन्दले धर्मदेशना गर्नुभएको थियो ।

## १६ औं स्थापना दिवस तथा ८ औं अधिवेशन

२०५८ भाद्र २१ गते । धर्मोदय सभा बुटवल शाखाको १६ औं स्थापना दिवस तथा ८ औं अधिवेशन सम्पन्न भएको समाचार छ । धर्मोदय सभाका केन्द्रिय महासचिव श्री सुवर्ण शाक्यले समुद्‌घाटन गर्नुभएको उक्त सभामा उहाँले रक्त दाताहरूलाई प्रमाणपत्र वितरण गर्नुहुँदै शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

शुभकामना मन्तव्य व्यक्त गर्नुहुने अन्य महानुभावहरू यसरी हुनुहुन्थ्यो–

धर्मोदय सभाका केन्द्रिय सल्लाहकार, बौद्ध युवा ज्ञानमाला संघका अध्यक्ष एवं बु.न.पा.का उप प्रमुख श्री विमलबहादुर शाक्य, पद्म चैत्य विहार संचालक समितिका अध्यक्ष श्री संघरत्न बज्राचार्य, ज्ञानमाला महासंघ काठमाडौंका अध्यक्ष श्री शान्तरत्न शाक्य, धर्मोदय सभा देवदह इकाईका अध्यक्ष श्री टेकबहादुर थापा र तमु छोजधिं बुटवल नगर कमिटीका अध्यक्ष श्री भोजवीर गुरुङ्ग आदि ।

भिक्षु असिम खम्बा समक्ष पञ्चशील प्रार्थनागरी प्रारम्भ गरिएको उक्त सभा शाखाका अध्यक्ष श्री आनन्दमान सिं शाक्यको सभापतित्त्वमा सम्पन्न गरि एको थियो । शाखाका उपाध्यक्ष श्री प्रेमलाल उदासले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

नयाँ कार्य समितिको चयन यसरी भएको कुरा थाहा हुन आएको छ–

अध्यक्ष–श्री प्रेमलाल उदास, उपाध्यक्ष–सुश्री विद्यादेवी शाक्य, सचिव–श्री पूर्णकाजी शाक्य, कोषाध्यक्ष–श्रीमती धर्मी शाक्य, सहायक सचिव–श्री तीर्थलता शाक्य, सहायक कोषाध्यक्ष–श्रीमती रूप केशरी बज्राचार्य, सदस्यहरू–श्री भोजवीर गुरुङ्ग, श्री योगेन्द्रमणि तुलाधर, श्रीमती माया शाक्य, सुश्री शान्ती शाक्य, र श्रीमती सुर्यमाया कंसाकार । सल्लाहकार–संस्थापक अध्यक्ष श्री देवेन्द्रराज शाक्य, भू.पू अध्यक्ष श्री विमलबहादुर शाक्य, निवर्तमान अध्यक्ष श्री आनन्दमान सिंह शाक्य तथा भू.पू. उपाध्यक्ष श्री सुर्जलाल गुरुङ्ग ।

उक्त कार्यक्रम श्रीमती माया शाक्य र श्री पूर्णकाजी शाक्यले संचालन गर्नुभएको थियो ।

## प्रथम साधारण सभा सम्पन्न

२०५८ भाद्र २५ गते । स्थान- नगदेश बुद्ध विहार, थिमी ।

धर्मोदय सभा मध्यपुर थिमि नगर शाखा, नगदेशको प्रथम साधारण सभाको समुद्‌घाटन एवं बौद्ध पुस्तक "बुद्धकालीन समाजया परिस्थिति व थी थी हलं ज्वलं" विमोचन समारोह सम्पन्न गरिएको समाचार छ । भिक्षु वरसम्बोधिबाट पञ्चशील प्रार्थना गराउनु भएपछि श्री लोकदर्शन वज्राचार्यबाट समुद्‌घाटन गराइएको सो साधारण सभामा ज्ञानज्योति कंसाकारले "बुद्धकालिन समाजया परिस्थिति व थीथी हलं ज्वलं" पुस्तक विमोचन गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

सभामा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो– धर्मोदय सभाका केन्द्रिय अध्यक्ष लोकदर्शन बज्राचार्य, सांसद एवं ध.स.का वरिष्ट उपाध्यक्ष लक्ष्मीदास मानन्धर, उपाध्यक्ष इन्द्रबहादुर गुरुङ्ग, थेरवाद बौद्ध दायक केन्द्रिय परिषदका अध्यक्ष श्री बखतबहादुर चित्रकार, सल्लाहकार श्री लोकबहादुर शाक्य र परिषदका सचिव श्री विष्णुरत्न शाक्य आदि ।

सो समारोहमा ध.स. नगदेशका सदस्य प्रा. तुलसीमान दुवालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने ध.स. नगदेशका सचिव कृष्णकुमार प्रजापतिले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुका साथै विमोचित पुस्तक बारे आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो । ध.स. नगदेशका अध्यक्ष श्री ज्ञानकुमार वाडेको अध्यक्षतामा सम्पन्न भएको उक्त सभामा ध.स. नगदेशका उपाध्यक्ष श्री दीपकराज साँपालले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

धर्मोदय सभा मध्यपुर थिमि नगर शाखा नगदेशको ९ सदश्यिय नयाँ कार्य समितिको चयन यसरी भएको कुरा थाहा हुन आएको छ–

अध्यक्ष–ज्ञानुकुमार वाडे, उपाध्यक्ष–न्हुच्छेकुमार सिंकेमन, कोषाध्यक्ष–दीपकराज साँपाल, सचिव–कृष्णकुमार प्रजापति, सदस्यहरू– रामभक्त हाँयूजु, पञ्चबहादुर कोजु, पञ्चनरसिंह वाडे, लक्ष्मी कृष्ण कोजु र राजमान न्याकै ।

## लुम्बिनीग्रामको शिलान्यास सम्पन्न

गत २०५८ साल भाद्र १७ गते आइतबार यैंन्यापूर्णिमाको दिन लुम्बिनी प्राइभेट लिमिटेडले बुद्धको जन्मथलो लुम्बिनीमा निर्माण गर्न लागेको लुम्बिनीग्रामको शिलान्यास कार्यक्रम पूर्ण धार्मिक विधि अनुसार सम्पन्न गरियो । उक्त शिलान्यास लुम्बिनीमा भएका सम्पूर्ण देशी विदेशी विहारका भिक्षु तथा गुरुमाँहरू, काठमाडौंबाट पाल्नुभएको श्रद्धेय ज्ञानपूर्णिक महास्थविर, श्रद्धेय धम्मवती गुरुमाँ र उत्पलवन्ना गुरुमाँ तथा कुशीनगरबाट पाल्नुभएका भिक्षु ज्ञानेश्वर महास्थविर आदिले संयुक्त रूपमा पाठ गरी बौद्ध परम्परा अनुसार कार्यक्रम सम्पन्न गर्नुभयो ।

बुद्धको जन्मस्थल लुम्बिनी भएतापनि हाल बौद्ध तथा बुद्ध धर्मप्रति श्रद्धा गर्ने स्थायी बासिन्दाहरूको कमी भएको तथा लुम्बिनीमा आउने धार्मिक पर्यटकहरूलाई सुविधाजनक तरिकाले लुम्बिनीमा यात्रा गर्ने व्यवस्था गरी यस लुम्बिनी क्षेत्रको भौतिक, सामाजिक तथा आर्थिक उन्नतिमा केही टेवा पुऱ्याउन सकोस् भन्ने उद्देश्य लिई यस लुम्बिनीग्राम निर्माण गर्ने परिकल्पना गरिएको हो । देशका विभिन्न ठाउँमा छरिएर रहेका बुद्ध र बुद्ध धर्म प्रति श्रद्धा भएका विभिन्न व्यक्तित्वहरूलाई लुम्बिनीमै स्थायी बसोबास गराउन विभिन्न सुविधाहरूका साथ यस लुम्बिनीग्राममा हाल पहिलो चरण स्वरूप ५८ वटा दुई तल्ले घरहरू निर्माण हुने कुरा उक्त शिलान्यास कार्यक्रममा यस लुम्बिनीग्राम परि योजनामा आर्किटेक इन्जिनीयर श्री सरोस प्रधानले बताउनुभयो । हाल करीब ५ विगाहा जग्गामा निर्माण हुन लागेका भवनहरूको बाहिरी बनावट नेपाली परम्परागत भएतापनि घर भित्र सम्पूर्ण आधुनिक सुविधाहरू सुसम्पन्न गरी निर्माण गरिनेछ । घरको भूई तल्लामा आधुनिक भान्छा, बैठक, शौचालय तथा भण्डार रहनेछ भने पहिलो तल्लामा शौचालय सहितको दुईवटा सुविधाहरू शयनकक्ष हुनेछ । लुम्बिनीग्राममा बसोबासयोग्य बनाउनको लागि सुविधायुक्त बाटो, खानेपानी, ढल, टेलिफोन, टेलिभिजनको साथै यात्रु तथा बासिन्दाहरूको मनोरञ्जनको लागि पौडी पोखरी, खेलकूद, रेष्टूराँ, बजार, सभाभवन तथा ध्यान कक्षको पनि सुविधा प्रदान गरिने छ ।

भवनहरूको मूल्य A, B, र C गरी तीन प्रकारले निर्धारण गरिएको छ । र सर्वसाधारणले पनि सो भवन खरीद गर्न सकून भन्ने उद्देश्यले घरको मूल्य भुक्तानी किस्तावन्दीमा गर्न सकिने गरी मिलाएको जानकारी उक्त प्रा. लि. का प्रबन्ध निर्देशक श्री ज्ञानुराज शाक्यले बताउनु भयो र उहाँले यस लुम्बिनीग्राममा समस्त बौद्धहरूलाई सक्रिय सहभागी हुनको लागि पनि आव्हान गर्नुभयो ।

सौहार्दपूर्ण वातावरणमा भएको उक्त शिलान्यास समारोहमा श्रद्धेय भिक्षु ज्ञानेश्वर महास्थविर, भिक्षु ज्ञानपूर्णिक महास्थविर, भिक्षु विवेकानन्द, धम्मावती गुरुमाले लुम्बिनीग्रामको महत्त्वको चर्चा गर्नुको साथै यसका आयोजकहरूलाई सफलताको कामना समेत गर्नुभयो ।

लुम्बिनीग्राममा संलग्न हुने आफ्नो समूहको परिचय दिने क्रममा प्रबन्ध निर्देशक श्री शाक्यले लुम्बिनीग्रामको निर्माण गर्ने ठेक्का काठमाडौंस्थित असन निवासी श्री देशरत्न कंसाकारज्यूको जयबुद्ध निर्माण

सेवा प्रा. लि.लाई प्रदान गरिएको र सो कार्यको निर्माण सुपरिवेक्षण (Construction Supervision) को जिम्मा श्री मनोहरलाल राजभण्डारीज्यूको MRB & Associates लाई दिएको जानकारी गराउनुभयो । १८ महिनादेखि २ वर्ष भित्रमा सबै घरको निर्माण सम्पन्न गरी खरीदकर्ताहरूलाई हस्तान्तरण गर्ने योजना रहेको यस लुम्बिनीग्राम परियोजनाको शिलान्यास कार्यक्रमको संयोजन उक्त प्रा.लि.का आर्थिक निर्देशक श्री पुष्करमान शाक्यले गर्नुभएको थियो ।

**नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा गुँला धर्म समापन गरिएको समाचारहरू प्राप्त भएका छन्–**

**स्थान– तानसेन, पाल्पा, आनन्द विहार ।**

संधै झैं २०५८ साल श्रावण शुक्ल परेवाको दिनदेखि भाद्रकृष्ण परेवासम्म एक महिना श्रद्धेय पूज्य भिक्षु धम्म ज्योति महास्थविरबाट तथातग बुद्धको शिक्षामा आधारित धर्मदेशना गरी गुँला धर्म सम्पन्न गरिएको समाचार छ । श्रद्धालु उपासक-उपासिकाहरूबाट पञ्चशील प्रार्थना, बुद्ध पूजा, श्रद्धा दान, चीवर दान आदि गरिएको उक्त एक महिने धार्मिक कार्यक्रममा भजन खल: र ज्ञानमाला संघले दाफा भजन र ज्ञानमाला भजन गरी श्री शाक्यमुनी बुद्ध प्रतिमा र पञ्च बुद्ध चैत्य प्रदर्शन पूजा र पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।

**स्थानः प्रज्ञा महाविहार, हेटौंडा ।**

गुँला धर्म महान पर्वको पुनित उपलक्ष्यमा एक महिनासम्म प्रज्ञा महाविहार हेटौंडामा ज्ञानमाला भजन गरिएको थियो । पञ्चदानको दिन पञ्चदान कार्यक्रम आयोजना गरी शाक्य वज्राचार्यहरूको समूहलाई उपासक उपासिकाहरूबाट पञ्चदान दिइएको थियो । श्रद्धालु भक्त-जनहरूले आ-आफ्नो घरमा बुद्ध प्रतिमा सजाइएका थिए ।

**स्थानः मणिमण्डप महाविहार, ललितपुर**

२०५८ भाद्र ४ गते । मणिमण्डप महाविहारको वार्षिक उत्सव र गुँला धर्मदेशना सम्पत्तिको उपलक्ष्मा कार्यक्रम संचालन गरिएको समाचार छ । उक्त कार्यक्रममा जलपान, बुद्धपूजा, धर्मदेशना, भन्ते, गुरुमाँहरूलाई दान प्रदान, ज्ञानमाला भजन गरी विहारको आय-व्यय प्रतिवेदन प्रस्तुत गरिएको थियो भने बेलुकी गिलान पूजा र पुण्यानुमोदन पनि गरिएको थियो ।

**स्थानः श्री सिद्धि मंगल बुद्ध विहार, ललितपुर**

२०५८ श्रावण ६ देखि भाद्र ८ गतेसम्म आयोजित धर्मदेशना कार्यक्रम समापन गरिएको छ । उक्त समापन समारोहमा श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरबाट पञ्चशील प्रार्थना गराउनु भएको थियो भने भिक्षु संघरक्षितले धर्मदेशना गर्नुभएको थियो ।

गुँला धर्मको उपलक्ष्यमा एक महिनासम्म पालैपालो धर्मदेशना गर्नुहुने भिक्षु गुरुमाँहरूलाई निमन्त्रणा गरी स्थानिय तहाननी टोलका वासिन्दाहरूले जलपान र भोजनको व्यवस्था गर्नुभएका थिए ।

सिद्धिमंगल बुद्ध विहारका उपसचिव मंगलदास महर्जनले स्वागत गर्नुभएको उक्त समारोहमा थेरवाद दायक परिषदका अध्यक्ष बखतबहादुर चित्रकारले आफ्नो मन्तव्य प्रस्तुत गर्नुभयो ।

**थाय्: श्री दीपंकर ज्ञानमाला भजन मण्डल, ख्वपः**

ख्वप दीपंकर ज्ञानमाला भजन खल:या आयोजनाय् थ्ववंगु गुँला लच्छिया दुने शनीबार पतिकं बुद्धं कना बिज्यागु धर्मया व्याख्या जूगु लसताय् वंगु भाद्र १३ गते दीपंकर विहारे थी-थी ज्याझो: बुद्धपूजा, धर्मदेशना, दानप्रदान व जलपान भोजन दानयाना पूवंकुगु समाचार दु ।

२०५८ भाद्र ९ गते । थाय्- सुवर्ण छत्रपुर विहार ।

सुवर्ण छत्रपुर विहारे गुँला धर्म देशना क्वचाय्क्यगु व यल उ.म.न.पा.या मेयर बुद्धिराज बज्राचार्य पाखें सफू विमोचन ज्याझ्व: क्वचायकूगु दु । बुद्ध पूजां लिपा आय व्यय प्रस्तुती, धर्मदेशना व दान प्रदान कार्यक्रम नं दुथ्या:गु थुगु ज्याझ्वले बौद्ध परियत्ति शिक्षाया पुरस्कार वितरण ज्याझ्व: नं दुथ्या:गु दु ।

**स्थान– चारूमति बुद्धविहार, चावहिल ।**

भिक्षु तपस्सी धम्मया आयोजनाय् लच्छि यंक गुंला धर्म देशना, बुद्धपूजा, क्वचायकूगु दु । उगु ज्याझ्वले भिक्षु भद्दिय व श्रामणेर सुखं धर्मदेशना यानाविज्या:गु ख: ।

लच्छि यंकं संचालन जूगु थुगु कार्यक्रमय् धर्मपूजा यानादीपिं दातापिनि नां थुकथं उल्लेख जूगु दु– गुलाफ शोभा ताम्राकार, सान्नानी शाक्य, वसुमाया डंगोल, लक्ष्मी माया डंगोल, दानमाया महर्जन, लक्ष्मी माया वाडे श्रेष्ठ, विकूमाया वज्राचार्य, शन्तुमाया शाक्य आदि । थुगु कार्यक्रम उपासक चन्द्रज्योति शाक्य पाखें धन्यवाद सहित पुण्यानुमोदन याना क्वचायेकूगु ख: ।



Downloaded from http://www.dhamma.digital

# साम्प्रदायिक निरपेक्षता

"धेरै दिनपछि छलफल कार्यक्रम शुरू हुन लाग्यो नि !" एकजना सहभागीले आफ्नो विचार पोख्नुभयो ।

अर्का एकजना सहभागीले भन्नुभयो– "मैले त छलफल कार्यक्रम नै बन्द भयो भन्ने ठानेको थिएँ । तर होइन रहेछ । यो कार्यक्रम बन्द भइरहेकोले खल्लोपन महशूस भइरहेको थियो ।"

कार्यक्रमका आयोजकले भन्यो– "आजभोलिको वातावरण देख्दा त विरक्त र निराशपन आएको छ । मानिसहरूको नचाहिने पुरानो संस्कार फेरिन्छ कि भन्ने आशाले नै बुद्ध शिक्षा सम्बन्धी छलफल कार्यक्रम संचालन गरिएको हो । तर खोई ! धेरैजसो मानिसहरूको संस्कार त जस्ताको त्यस्तै देखिन्छ । हृदय परिवर्तन हुन सकेको भने छैन । ज्ञानमार्गमा लाग्नु भन्दा पनि भक्ति मार्गमा नै बढी रूचि देखिएको छ धेरैजसोको ।"

अर्का एकजना सहभागीले बिचमा नै प्रश्न उठाउनुभयो– "होइन, भक्ति मार्ग रहेन भने धर्म नै लोप हुन्छ रे हो ?"

आयोजक तर्फबाट उत्तर आयो– भक्तिमार्ग त अवश्य नै चाहिन्छ नि । तर यसको साथसाथै ज्ञान मार्ग पनि चाहिन्छ । मुख्य कुरो त हृदय फुक्का हुनु पर्छ नि । मतलब असल मानिस बन्नुपर्छ । प्रतिनिधि सभाका उपसभामुख चित्रलेखाज्यूले पनि भन्नुभएको रहेछ– "ठूलो मानिस होइन असल मानिसको खाँचो छ ।" राम्रो र मनासिव कुरो हो यो । बुद्ध शिक्षाको उद्देश्य पनि मानिसलाई असल मानिस बनाउनु नै हो ।

नयाँ अनुहारका एकजना सहभागीले भन्नुभयो– "छलफल कार्यक्रमले असल मानिस बन्नु पर्ने विषयमा जनचेतना त ल्याउँछ भन्ने आशा छ मलाई । भक्तिमार्ग र ज्ञान मार्गको कुरा छोडेर अब अर्कै विषयमा लागौं न । मैले अर्कै एउटा प्रश्न लिएर आएको छु । हाम्रो नेपालमा धर्म निरपेक्षको बारेमा ठूलो अभियान नै चलेको थियो । तर यसको अर्थ भने मैले राम्ररी बुझेको छैन । एकपटक प्रज्ञा भवनमा ध्यानगुरु सत्यनारायण गोयन्काज्यूको प्रवचन सुन्न गएको थिएँ । त्यहाँ एकजना श्रोताले प्रश्न गरेको थियो– "धर्म निरपेक्ष हुनुपर्छ कि पर्दैन ?" यस प्रश्नको उत्तर दिनुहुँदै गोयन्का गुरुले भन्नुभयो– "धर्म सापेक्ष हुनुपर्छ तर साम्प्रदायिक निरपेक्ष हुनुपर्छ" मैले यसको अर्थ बुझ्न सकिन । यस कथनलाई स्पष्ट पारिदिनु हुन्छ कि ?

आयोजकको तर्फबाट उत्तर आयो– "कल्याणमित्र सत्यनारायण गोयन्काले भन्नुभएको कुरो ठीक हो । उहाँको भनाई र हाम्रो भनाईमा फरक छैन । हामीले धर्म निरपेक्ष हुनुपर्छ भनेर कराउनुको मुख्य तात्पर्य नै साम्प्रदायिक

*(बाँकी कभर पछाडि पेजमा)*

भावनाको विरोध गर्नु हो । नेपाललाई हिन्दूराज्यको रूपमा संविधानमा उल्लेख गर्नुपनि साम्प्रदायिक भावना नै रहेको प्रष्टिन्छ। नेपाल त बहुधार्मिक राष्ट्र हो । त्यसैले हिन्दू धर्मलाई मात्र मान्यता दिंदा गोयन्का गुरुले "साम्प्रदायिक निरपेक्ष हुनुपर्छ र धर्म सापेक्ष हुनुपर्छ" भन्नुभएको कथनसंग नमिलेको देखियो। किनभने बुद्ध शिक्षा साम्प्रदायिक होइन । सार्वजनिन हो । धर्म सार्वजनिन हुनुपर्छ । त्यसैले धर्म निरपेक्ष हुनुपर्छ भन्ने कुरामा जोड दिइएको हो । धर्म निरपेक्षको अर्थ धर्म चाहिंदैन भनेको होइन ।

धर्म अनुसार कार्य हुन नसकिरहेको कारणले नै आज जताततै अशान्ति भइरहेको छ। किनभने हरेक क्षेत्रमा पक्षपात, भ्रष्टाचार र अन्याय जस्ता कुकर्महरू भइरहेका देखिन्छन् । यसरी कुरा चल्छ धर्मको, काम गरिन्छ पापको। कुरा र काम मिल्नको लागि धर्म सापेक्ष र साम्प्रदायिक निरपेक्ष हुनु अति जरूरी देखिन्छ।"

प्रश्नकर्ताले प्रशन्न हुन्दै भन्नुभयो– "साँच्चै हो ! यो कुरो त मलाई सान्है राम्रो लाग्यो र चित्त पनि बुझ्यो। धर्म सापेक्ष र साम्प्रदायिक निरपेक्ष हुनुपर्छ भन्ने कुरो त बल्ल बुझें मैले । राम्रो भयो आज यस छलफल कार्यक्रममा भाग लिन पाएकोले। यसरी नै निरन्तर रूपमा चलिरहोस् यो कार्यक्रम । कमसेकम बौद्ध जागरण त हुन्छ। यही त हो नि यस कार्यक्रमको उपलब्धि।

अर्का एकजनाले सोध्नुभयो– "स्रोतापन्न हुनको लागि के कस्तो काम गर्नुपर्छ होला ?"

उत्तर अयो– "स्रोतापन्न हुनका लागि त यी विभिन्न गुणहरू आफूमा समावेश गर्न सक्नुपर्छ।

१) मन स्वच्छ र हृदयदेखि आफ्नो कर्त्तव्य सम्झी काम गर्नुपर्छ। यसलाई पालि भाषामा **'योनिसो मनसिकार"** भनिन्छ। अर्को अर्थमा दूरदर्शिज्ञान पनि भनिन्छ ।
२) सत्पुरुषहरूको संगत गर्नुपर्छ ।
३) धर्मको कुरा सुन्नु, धर्म श्रवण गर्नु ।
४) धर्म अनुसार आचरण गर्नु आदि ।

अर्को पक्ष– **सक्काय दिट्ठी** (म र मेरो भन्ने दृढ भावना) बाट टाढा रहनुपर्छ ।

**विचिकिच्छा** (नचाहिने शंका उपशंका) गर्नु हुन्न ।

**सीलब्बतपरामास** (मिथ्या दृष्टि, अन्धविश्वास) बाट मुक्त हुनुपर्छ ।

तर यी गुणहरू आफूमा समावेश गर्न ज्यादै कठिन हुँदो रहेछ। त्यसैले होला आजभोलि धेरैजसो मानिसहरू यी गुणहरूको बयान गर्न खूब जान्छन् । अरूहरूमा यी गुणहरू छ, छैन भनी जाँच्न पनि खूब जान्छन्। तर त्यही गुणहरू आफूमा छ छैन भनी जाँच्न भने असमर्थ छन् । चाहँदैनन् पनि । तर आफू शुद्ध हुनको लागि आफैलाई जाँच्न आवश्यक छ । किनभने आफ्नो पेट भर्नको लागि त खाना आफैले खानुपर्छ । अरूले खाएको हेर्दैमा आफनो पेट भरिने अवश्य पनि होइन ।

लौत आजलाई छलफल कार्यक्रम यत्तिकैमा टुङ्गाउन पर्ला। थुप्रै छलफल गरियो नि आज । अबेर पनि भयो ।

आजलाई बिदा ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१५, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं फोन : २५९०३२, २५९४५० फ्याक्स : (९७७-१) २४८६७८
Downloaded from http://www.dhamma.digital